महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
राक्सीराङ्ग गाउँपालिका
मकवानपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूमा सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश

(हेटौंडा)

पत्र संख्याः २०७८।७९
च.नं. ६६३

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
राक्सीराङ्ग गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
मकवानपुर ।

कैफियत सहितको राय

हामीले तहाँ पालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको पूर्ण प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ८६ लाख ७८ हजार बेरुजू देखिएको छ। पालिकाबाट प्रारम्भीक प्रतिवेदन उप प्रतिक्रिया प्राप्त भएन । लेखापीक्षणबाट असुल गर्नुपर्ने रू.७ लाख ८२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड ७ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु.५७ लाख ६९ हजार र म्याद नाघेको पेश्की रु.१३ लाख ६४ हजार रहेको छ । पालिकाको गतवर्षसम्म रु.४ करोड ३ लाख ३० हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फर्छ्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड ४१ लाख ८७ हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

राक्सीराङ्ग गाउँपालिका, मकवानपुर

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४०	३१	४८६७८	०	०	०	४०	३१	४८६७८	७८२	५७६९	४०७६३	०	०	४६५३२	१३६४

अद्यावधिक बेरुजू स्थिति

२०७७/७८

(रु. हजारमा)

जिल्ला	स्थानीय तह	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मकवानपुर	राक्सीराङ्ग गाउँपालिका	४०३३०	०	२४८२१	१५५०९	०	४८६७८	६४१८७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : राक्सिराङ्ग गाउँपालिका, मकवानपुर , रक्सिरंग गाउँपालिका , मकवानपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	देव चन्द्र गर्तौला	२०७८-४-२०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	युवराज आचार्य	२०७७-४-१	
लेखा प्रमुख	राजेन्द्र भट्टराई	२०७७-४-१	
		बेरुजु रकम	४८,६७७,९२२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७,१८,५०,३२५.४२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३०,३३,५१,७६९.६	**चालु खर्च**	२२,९८,७३,०७४.९
प्रदेश सरकारबाट अनुदान	६,७१,६१,९७६.८	**पूँजीगत खर्च**	२१,४२,३६,३४७
राजश्व बाँडफाँट	११,४०,८६,५७७.२	**वित्तीय/अन्य व्यवस्था**	१२,६२,६०,१८६
आन्तरिक आय	१,१७,१७,९०३.३३		
अन्य आय	१०,४०,८७,१२४		
कुल आय	६०,०४,०५,३५०.९३	**कुल खर्च**	५७,०३,६९,६०७.९
बाँकी मौज्दात		१०,१८,८६,०६८.४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**लेखापरीक्षण सिमा** उल्लिखित आर्थिक कारोबारको लेखापरीक्षण ऐन २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरि कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या 9, पालिका सभा सदस्य ४७, जनसंख्या २५ हजार ८७१ जना र क्षेत्रफल २२६.७ वर्ग किलोमिटर रहेकोछ ।	
३			**वित्तीय विवरण** **स्थानीय सचित** कोष अर्थिक वर्ष २०७७/ ०७८ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।	

प्राप्ती भुक्तानी हिसाव					
विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		६९२९४३२१८.	६००४०५३५०.९१		६००४०५३५०.९१
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		५६६१४३०९०	४९६३१८२२६.९१	०	४९६३१८२२६.९१
११००० कर	११	१०१०३७२८०	११४०८६५७७.१८	०	११४०८६५७७.१८
१३००० अनुदान		४३२४९५८१०.	३७५५१३७४६.४	०	३७५५१३७४६.४
संघीय सरकार	१२	३४५०५२८१०	३०३३५१७६९.६	०	३०३३५१७६९.६
प्रदेश सरकार	१२	७०७३३०००	६७१६१९७६.८	०	६७१६१९७६.८
अन्तरिक श्रोत		१६७१००००	५००००००	०	५००००००.
१४००० अन्य राजस्व		३२०७००००	६७१७९०३.३३	०	६७१७९०३.३३
१५००० विविध प्राप्ति		५४००००		०	०.
ख. अन्य प्राप्ति		१२६८००१२८	१०४०८७१२४		१०४०८७१२४.
वितरण गर्न बाकी राजस्व		०	७७५०९१	०	७७५०९१.
कोषहरु		७६०८६१२८	१६३९२६००.	०	१६३९२६००.
धरौटी		०	१०४८९१२०	०	१०४८९१२०.

				संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		५०७१४०००	७६४३०३१३	०	७६४३०३१३.		
				भुक्तानी (ग+घ)		७२३२४३२१५.	५७०३६९६०७.९		५७०३६९६०७.९		
				ग. भुक्तानी (सञ्चित कोषबाट)		५९६४४३०८७	४४४१०९४२२		४४४१०९४२१.९		
				२१००० पारिश्रमिक / सुविधा	१८	१४२८५२६३०	१२६३१४९१८.६	०	१२६३१४९१८.६		
				२२००० मालसामान तथा सेवाको उपयोग	१८	१०२८९७४६०	७१२५१४५३.३	०	७१२५१४५३.३		
				२३००० स्थिर सम्पत्तिको उपभोग खर्च	१८	७०२०००	७०२०००	०	७०२०००.		
				२५००० सहायता (Subsidy)	१८	२५९१६०००	१५८७०२३१	०	१५८७०२३१.		
				२७००० सामाजिक सुरक्षा	१८	१५८३६०००	१५११३६७२	०	१५११३६७२.		
				२८००० अन्य खर्च	१८	२९९७९९७	६२०८००	०	६२०८००.		
				३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३०५२४१०००	२१४२३६३४७	०	२१४२३६३४७.		
				घ. अन्य भूक्तानी		१२६८००१२८	१२६२६०१८६		१२६२६०१८६.		
				कोषहरु		७६०८६१२८	४४०३५६८०	०	४४०३५६८०.		
				धरौटी		०	५७९४१९३	०	५७९४१९३.		
				संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		५०७१४०००	७६४३०३१३	०	७६४३०३१३.		

ङ. यो वर्षको बचत (न्युन)		-३०२९९९९७.	३००३५७४३.०१	०.	३००३५७४३.०१
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			७१८५०३२५		७१८५०३२५.४२
वर्षान्तको बाकी रकम (ङ + च)		-३०२९९९९७.	१०१८८६०६८.४३		१०१८८६०६८.४३
बैंक तथा नगद बाकी	२४		१०२२७१०८३.४३		१०२२७१०८३.४३

४

वित्तीय विवरणको विश्लेषण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्

- सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को गतवर्षको जिम्मेवारी रु.२३३८६५१ देखिएकोमा पालिकाले रु.७१८५०३२५ रहेको देखिन्छ । पालिकाल सोही अनुसार वित्तीय विवरण संशोधन गरी हिसाब समायोजन गरेको छ ।
- सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को संचितकोषको प्राप्ती तर्फ रु.५१४०७२१७५.९३ देखिएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदान रु.३७५५१३७४६.४०, कर रकम रु.११४०८६५७७.१८, आन्तरिक श्रोत रु.५००००००० र अन्य राजस्व रु.६७१७९०३.३३ समेत रु.४९६३१८२२६.९१ रहेको देखिन्छ ।
- पालिकाको म.ले.प.फा.२७२ मा अन्य प्राप्तीतर्फ संघ तथा प्रदेश सरकारका अन्य कार्यक्रममा शुन्य देखिएकोमा पालिकाले पेश गरेको प्रमाण वित्तीय विवरण अनुसार रु.१०४०८७१२४ हुने देखिन्छ । साथै अन्य प्राप्तीको कोषहरुतर्फ प्रदेश सकारको आर्थिक वर्ष २०७६।७७ को समपुरक तथा विशेष अनुदानतर्फको बचत रकम आम्दानी बाँघेकोमा गत वर्षको अल्यमा समेत जोडिएकोमा दोहोरो आम्दानी बाँधेको रकम समायोजना गरी हिसाब विवरण पेश गरेको छ ।
- पालिकाको म.ले.प.फा.२७२ को अनूसूची २४ मा बैक बाँकी रु.८३२३००७३.८६ देखाएकोमा उक्त रकममा आम्दानी बाँधि उपरोक्ता अनुसारको आम्दानी तथा खर्च रकम समायोजन गर्दा खुद बैक बाँकी रु.१०१८८६०६८.४३ रहेको देखिन्छ । सोही अनुसार पालिकाले बैक समायोजन तयार गर्नुपर्दछ ।
- पालिकाले पेश गरेको आर्थिक विवरण तथा बैंक स्टेटमेन्ट अनुसार पालिकाको यथार्थ बाँकी मौज्दात रु.१०२२७१०८३.४३ बाँकी रहेकोमा श्रेस्ता भन्दा बैक रु.३८५०१५ ले बढी देखिएको छ । उक्त रकम साँटनबाँकी चेकको रहेकोले मिति २०७८।११।१५ मा पालिकाले आम्दानी बाँधेको देखिन्छ ।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।

			· प्रदेश समपुरक अनुदानतर्फको बचत रकम रु.१८३५२३९८ मिति २०७८।०७।०७ मा गोभौ नं ७० बाट फिर्ता गरेको छ । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
५			**आन्तरिक नियन्त्रण** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • भ्रमण प्रतिवेदन लिने नगरेको तथा ईन्धन खर्च सम्बन्धमा सवारी लगबुक राखेको देखिएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरेकोमा कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क अनुसार इ टीडिएस नगरेको पाइयो। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।	

			• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६			**आन्तरिक लेखापरीक्षण** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकामा यस वर्षको खर्च तथा आम्दानीका कारोबार तथा कोषहरुको आन्तरिक लेखापरीक्षण भएको पाईएन । तसर्थ कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
७			**क्षेत्रगत बजेट र खर्च** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
सामाजिक क्षेत्र	२३७०५८०००	१९०६२९६३१	४२.९२
पूर्वाधार विकास क्षेत्र	२१७२९९०००	१४७५२७४९७	३३.२२
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	६३८३५०८७	४९२८३८१७	११.१०
आर्थिक विकास	३८६२९०००	२८७२३९२९	६.४७
सुशासान तथा अन्तरसम्बन्धीत क्षेत्र	३९६२२०००	२७९४४५४८	६.२९
जम्मा	५९६४४३०८७	४४४१०९४२२	१००.००

उपर्युक्त विवरण अनुसार पालिकाको सभाबाट विनियोजित बजेटमध्ये कुल खर्चको तुलनामा सबैभन्दा बढी सामाजिक विकास क्षेत्रमा ४२.९२ प्रतिशत र सबैभन्दा कम सुशासान तथा अन्तरसम्बन्धीत क्षेत्रमा ६.२९ प्रतिशत खर्च रहेको छ ।अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

८ **चौमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पुजिगतर्फ रु.२१४२३६३४७।०० खर्च गरेको छ । जसमध्ये प्रथम चौमासिकमा रु.८९१५५४०।०० अर्थात कुल खर्चको तुलनामा ४.१६ प्रतिशत, दोस्रो चौमासिकमा रु.६३५३७०३८।०० अर्थात कुल खर्चको तुलनामा २९.६६ प्रतिशत र तेस्रो चौमासिकमा रु.१४१७८३७६९।०० अर्थात कुल बजेट खर्चको ६६.१८ प्रतिशत खर्च गरेको छ । जसमध्ये असार महिनामा मात्र रु.७४०६३७३०।०० अर्थात कुल खर्चको तुलनामा ३४.५७ प्रतिशत खर्च गरेको छ । तसर्थ आर्थिक वर्षको अन्तमा कार्य गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले आषाढमा अधिक खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९ **जिन्सी अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा २६ को उपदफा ४ मा कार्यालय प्रमुखले प्राप्त जिन्सी सामानहरुको मुल्य खुलाई पाम्समा अभिलेख राख्नुपर्ने र तोकीएको समय भित्र जिन्सीको विवरण तालुक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयको विभिन्न निकायबाट हस्तान्तरण भएका

			तथा खरिद गरिएका जिन्सी सामानहरुको मुल्य खुलाई पाम्समा अभिलेखिकरण गरी सोको विवरण तथा प्रतिवेदन तालुक निकायमा पठाएको देखिएन् । अत ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।	
१०			**योजना प्रथामिकीकरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
११			**सार्वजनिक सम्पत्तिको अभिलेख** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
१२			**निकासा लेजर** पालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्दछ । त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । पालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।	
१३			**स्यानीटरी प्याड** स्यानीटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को बुदा नं ५ मा विद्यालयमा रहेका छात्राको संख्याको यकिन गरी विद्यालयले माग गरे अनुसार स्यानीटरी प्याड उपलब्ध गराउने तथा बुदा नं ६ मा विद्यालयले पालिकाबाट प्राप्त स्यानीटरी प्याड जिन्सी खातामा अभिलेख व्यस्थित गरी छात्राहरुको नामनामेसी स्पष्ट खुल्ने गरी वितरणको अभिलेख अध्याविधिक गर्नुपर्ने व्यवस्था छ । साथै सोही कार्यविधिमा विद्यालयबाट वितरण भएको स्यानीटरी प्याडको वितरणको अवस्था लगायतका विषयमा पालिकाबाट अनुगमन हुनुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले श्री मेडिसिन डिस्ट्रीव्युर्सबाट रु.१०७९७१५।०० को १४७०० पाकेट स्यानीटरी प्याड खरिद गरेको देखिन्छ । लेखापरीक्षण अवधि २०७७।१२।२० सम्म गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार १८२० पाकेट बाँकी रहेकोमा यस वर्ष सोही प्याकेट वितरण गरिएको र खरिद गरिएका १४७०० पाकेट सबै स्टकमा रहेको देखिन्छ । साथै प्रधानाध्यापकलाई	१,०७९,७१५

			वुझाएका प्याडहरु कार्यविधिमा तोकीए अनुसार छात्राहरुलाई वितरण गरेको नामनामेसी सहितको अभिलेख तथा पालिकाबाट भएको अनुगमन सम्बन्धी प्रमाण लेखापरीक्षणको क्रममा पेश हुन सकेन । तसर्थ मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गरी कार्यबिधि बमोजिम खरिद गरिएका सेनिटरी प्याड सम्बन्धित बिद्यालयहरुले अध्ययनरत छात्राहरुलाई बितरण गरेको नामनामेसी सहितको अभिलेख पेश गर्नु पर्दछ । रु	
१४			**अनुगमन प्रतिवेदन** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत सिकाई सामाग्री व्यवस्थापनको लागि श्री कालीका माध्यामिक विद्यालयलाई गोभौ १४३ मिति २०७८।०३।१० बाट रु.६००००० निकासा भएको छ । तर विद्यालयले कार्यविधिमा तोकीए बमोजिम सामाग्री खरिद तथा जिन्सी दाखिला गरेको र पालिकाबाट भएको अनुगमन लेखापरीक्षणको क्रममा पेश हुन सकेन । तसर्थ सामग्री खरिद, विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण र पालिकाबाट भएको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने देखिएको रु.	६००,०००
१५			**कार्य सम्पन्न** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत २ कोठे पक्की भवन निर्माणका लागि लागि श्री सुर्योदय माध्यामिक विद्यालयलाई गोभौ १४३ मिति २०७८।०३।१० बाट रु.१८००००० निकासा भएको छ । तर विद्यालयले कार्यविधिमा तोकीए बमोजिम भवन निर्माण कार्य सम्पन्न गरेको देखिने प्रमाण लेखापरीक्षणको क्रममा पेश हुन सकेन । तसर्थ उक्त भवन निर्माण भएको देखिने नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने देखिएको रु.	१,८००,०००
१६			**पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्छ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ को आर्थिक वर्षको अन्तसम्ममा बाँकी रहेको पेश्कीको विवरण देहाय अनुसार रहेको । उक्त बाँकी पेश्की रकम तोकीए बमोजिम फर्छ्यौट हुनुपर्दछ । रु	१,३६४,०००

सि.नं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	जम्मा बाँकी पेश्की		
					म्याद ननाघेको	म्याद नाघेको	जम्मा
१	०९/०९/२०७७	३८	चैनपुर सुनारीसौरा लापुर सानो भावर सडक निर्माण योजना	वेहडा वावा निर्माण सेवा	०	६८२०००	६८२०००
२	१०/१८/२०७७	६१	चैनपुर सुनारीसौरा लापुर सानो भावर सडक निर्माण योजना	वेहडा वावा निर्माण सेवा	०	६८२०००	६८२०००
१	०४/०१/२०७७	१	विद्युत संरचना निर्माण	नेपाल विधुत प्राधिकरण विगतरण केन्द्र हेटौडा	१००००००००	०	१००००००००
१	१२/११/२०७७	८८	सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण	मान सि घलान	१४००००	०	१४००००
२	१२/११/२०७७	८८	उद्यमविकासका लागि सामाजिक परिचालन कार्यक्रम	मान सि घलान	५८८००	०	५८८००
३	१२/११/२०७७	८८	प्राविधिक सीपमुलक तालिम प्रदान	मान सि घलान	७२५००	०	७२५००
४	१२/११/२०७७	८८	उद्यमसिलता विकास तालिम	मान सि घलान	१५६८००	०	१५६८००
१	१२/३०/२०७७	३३६	गाउँपालिकाको डिजिटल प्रोफाइल तयार	स्मार्ट पालिका प्रा.लि.	२४७५००	०	२४७५००
जम्मा					१०६७५६००	१३६४०००	१२०३९६००

https://nams.oag.gov.np

१७			**पाठ्यपुस्तक** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.४.६.१. मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था छ । जसअनुसार पालिकाले ईमिसमा प्रबिष्ट तथ्यांकलाइ सम्बन्धित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गर्ने तथा सत्यापित विवरणका आधारमा कक्षागत तथा बिषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पाठ्यपुस्तक अनुदान दिनु पर्ने व्यबस्था रहेको छ । पालिकाले यो वर्ष पालिका भित्रका ५२ विद्यालयलाई गोभौ १३८ मिति २०७८।०३।०७ बाट ७५ प्रशितले हुने रकम रु.२७२९२२६।०० निकासा दिएको छ । साथै २० विद्यालयले ७५ प्रतिशत रकम नपुग भएको भनी माग गरे अनुसार थप रु.७४८८४८ निकासा दिएको छ । तर पालिकाले कार्यविधिमा तोकीए अनुसार सत्यापन नगरी विद्यालयले ईमिसमा प्रविष्टी गरेको तथ्यांकका आधारमा निकासा दिएकोले बढी निकासा भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ पालिकाबाट निकासा भएको रकमबाट पाठ्यस्पुस्तक वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।	
१८			**दिवा खाजा** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष दिवा खाजा वापत माघ देखि बैशख सम्म विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा रु.५७६३१५५।०० उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।	
१९			**प्रदेश समपुरक तथा विशेष अनुदान** प्रदेश समपुरक/विशेष अनुदान सम्बन्धि कार्यविधि २०७७ को बुदा नं.९ मा आयोजनाको कार्य तोकीएको समयभित्र सम्पन्न गर्नुपर्ने र तोकिएको समय भित्र आयोजना तथा कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रम स्थानीय तहले आफ्नै श्रोतबाट सम्पन्न गर्नुपर्ने उल्लेख छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा विशेष तथा समपुरक अन्तरगत योजना संचालनको लागि प्राप्त बजेट रु.२८९९९०००।०० आर्थिक वर्षको अन्तमा खर्च नभई बचत रहेको देखिन्छ । पालिकाले उक्त खर्च नभएको रकम प्रदेश सरकारलाई फिर्ता गर्नुपर्नेमा योजनाको ठेक्का सम्झौता भएको भनी उक्त रकम विविध कोषमा दाखिला गरी आर्थिक वर्ष २०७८।७९ मा खर्च गरेको छ । आर्थिक वर्ष २०७८।७९ मा उक्त योजनाहरु संचालन गरी रु.२३९४२४५०।०० खर्च भएको र बचत रकम रु.५०५६५५०।०० मिति २०७८।१२।२७ मा प्रदेश संचितकोष फिर्ता गरेको छ । यस सम्बन्धमा मन्त्रालय तथा प्रदेश लेखानियन्त्रक कार्यालयसँग समन्वय गरी मौखिक सहमतिका आधारमा उक्त रकम खर्च गरेको पालिका प्रमुखको भनाई रहेको छ । साथै पालिकाले उक्त खर्च मध्ये प्रदेश समपुरक अनुदानतर्फ कुल खर्च रु.१५३३५४३५ ।०० को ५० प्रतिशतले हुने रु.७६६७७१७।०० समेत पालिकाले नबेहोरी खर्च रकम सबै समपुरक अनुदान तर्फ खर्च लेखांकन गरेको देखिन्छ । कार्यविधिमा उल्लेख भए अनुसार आर्थिक वर्षको अन्तमा खर्च नभई बचत रकम प्रदेश संतिकोष फिर्ता गर्नुपर्नेमा	

			नगरी कोषमा दाखिला तथा कोषबाट खर्च गरेको कार्यविधि अनुकुल देखिएन । आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३ को प.सं.१३/२०७६/७७ च.नं.५१ मिति २०७६/०९/०७ को पत्रामा पालिकाबाट ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा गएको योजनामा ठेक्काको कबोल अंकले हुने ५० प्रतिशत रकम पालिका संचितकोषमा राखि बाँकी फिर्ता पठाएको पालिकाको भनाई रहेको छ ।	
२०			**प्रदेश विशेष अनुदान** बागमति प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि २०७७ को बुदा नं.७ घ मा विशेष अनुदान वापत प्राप्त बजेट उपभोक्ता समितिबाट कार्य गराउन नपाउने व्यवस्था गरेको छ । तर पालिकाले यस वर्ष दामराङ्ग रिनचरङ्ग गुङ्गग्राङ्ग खानेपानी योजनाको लागि रु.३५ लाख बजेट प्राप्त भएकोमा उक्त योजना उपभोक्ता समितिबाट निर्माण गरी गोभौ २९ मिति २०७८।०३।२९ बाट रु.३३११९४७।०० भुक्तानी दिएको छ । जसबाट पालिकाले कार्यविधिको पालना गरेको देखिएन । तसर्थ कार्यविधिमा उल्लेख भए अनुसार उपभोक्ता समितिबाट गर्न नपाउने कार्य गरेको सम्बन्धमा तालुक निकायबाट खर्च समर्थन पेश हुनुपर्ने अन्यथा पालिका श्रोतबाट खर्च लेखि प्रदेश संचितकोष दाखिला हुनुपर्ने देखिएको रु.	३,३११,१४७
२१			**प्रधानमन्त्री रोजगार कार्यक्रम** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका (संशोधन समेत) तथा काममा आधारित पारिश्रमिक सम्बन्धी निर्देशिकाको बुँदा नं. ६(१) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट प्रति दिन रु.५१७ को दरले श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । जस अनुसार सामाग्री खरिद तथा अन्य रकम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट वेहोर्ने मिल्ने देखिदैंन । साथै उक्त रकम पालिकाले साझेदारीमा बेहोर्नुपर्ने देखिन्छ । लागत अनुमान तयार गर्दा सामाग्री र ज्याला वापतको रकम नखुलाएको कारण रकम यकिन गर्न कठिनाई भएको देखिन्छ । पालिकाले देहाय अनुसार योजनामा पालिकातर्फको साझेदारी नगरी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट खर्च गरेको छ । तसर्थ लागत अनुमान तथा मुल्यांकन गर्नेलाई जिम्मेवार बनाई प्रधानमन्त्री रोजगार कार्यक्रमबाट खर्च लेखांकन गर्न नमिल्ने रकम पालिकाबाट खर्च लेखि संघीय संचित कोष फिर्ता हुनुपर्दछ ।रु.	१,०४९,१९२

सि नं	योजनाको नाम	खर्च लेखेको रकम	खर्च लेख्न मिल्ने रकम	बढी खर्च
१	मनहरी चुरीडाँडा	३००२२६	२३५४८३	६४७४३
२	सेरेना चुरीडाँडा	४००१०२	३१३८१६	८६२८६
३	देवीटार स्वास्थ्य चौकी	१०१३७८	७८८९२	२२४८६
४	मामन्ति गाल्वाङ्ग	२४९७३६	१९४५४५	५५१९१
५	भिमफेदी चेपाङ्ग झरना	३००२१५	२३५०३४	६५१८१
६	देवीटार शिखरडाँडा	२९८६५५	२३२६५७	६५९९८
७	जलपरी झरना चमेरो गुफा	२२३०९६	१७३७९१	४९३०५
८	आपताल परेवा भिर	२४१४१५	१८८०६०	५३३५५
९	परेवाटार लालखर्क	३०६५१५	२३९०८३	६७४३२
१०	सन्दीपखोल्सी तटबन्ध	३१८५६८	२४८१६३	७०४०५
११	चुलीडाँडा पर्यटकीय स्थल	२६९६१८	२०९५१४	६०१०४
१२	पर्सिवाङ्ग दुन्चेवाङ्ग गोरेटोबाटो	३०१०९०	२३७३४७	६३७४३
१३	वडा कार्यालय सानो भवार	३००२०७	२३४५७१	६५६३६
१४	ढुगेन विराली टार	२००२३४	१५७८२९	४२४०५
१५	जुरीडाँडा तामासालिङ्ग	५००१३७	३९३७८२	१०६३५५
१६	आपखोल्सी गोरेराङ्ग	५००२७६	३८९७०९	११०५६७

	जम्मा	४८११४६८	३७६२२७६	१०४९१९२

२२			**अधुरो योजना** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले निर्माण कार्य शुरुवात भई सम्पन्न हुन नसकेका अधुरा योजनाहरुको अभिलेख राखेको छैन । अधुरा योजाहरुको अभिलेख व्यवस्थित गरी यथाशिघ्र कार्यान्वयन गर्नु पर्दछ ।	
२३			**बोलपत्रमा प्रतिस्पर्धा** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष भएको ठेक्का व्यवस्थापन तथा प्रतिस्पर्धा विवरण अनुसूचीमा उल्लेख गरिएको छ । पालिकाले सडक निर्माणका लागि ई विड बाट ठेक्का व्यवस्थापन गरेको योजनामा लागत अनुमानको तुलनामा ४१ देखि ५९ प्रतिशतसम्म सम्झौता भएको छ भने हार्ड कपिबाट ठेक्का व्यवस्थापन भएकोमा ०.२२ देखि ७ प्रतिशत सम्म घटीमा सम्झौता भएको देखिन्छ । साथै हार्ड कपी पेश गर्ने गरी ठेक्का व्यवस्थापन गरिएको योजनामा ३ वटा मात्र बोलपत्र दर्ता हुन आएको तथा ई विड भएकोमा १० देखि १६ वटा बोलपत्र दर्ता हुन आएको देखिन्छ । तसर्थ पालिकाले ठेक्का व्यवस्थापन गर्दा अधिकतमको सहभागीता हुने गरि ई विड बाट गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
२४			**कोभिड १९ व्यवस्थाप**	
२४.१			कोभिड १९ व्यवस्थापनमा पालिकाले निम्नानुसार खर्च गरेको छ । पालिकाले राहत सामग्री खरिद तथा बितरणमा रु ३३७५४९०।०० खर्च गरेको छ । राहत सामग्री बितरणको भरपाई संलग्न गरेको भएतापनि भरपाई गराउदा राहतको परिमाण र मुल्य खुलाएको छैन । खरिद गरिएका सम्पुर्ण सामग्रीहरु बितरण गरिएको तर मूल्य खुलाउन छुट भएकोले आगामी दिनमा सुधार गरिने पालिकाले प्रतिबद्धता जनाएको छ। तसर्थ राहत प्राप्तिकर्ताले परिमाण र मुल्य सहितको राहत प्राप्त गरेको अनुभुति हुने गरि बितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	

सि नं	खर्च शिर्षक	रकम	खर्च प्रतिशत
१	कोभिड अस्पताल सञ्चालन	३२७९५१२	३०.४५
२	कोभिड अस्पताल कर्मचारी सुबिधा	३६९२९४	३.४३
३	राहत सामग्री खरिद तथा बितरण	३३७५४९०	३१.३४
४	औषधि तथा मेडिकल सामग्री खरिद	३५०००७७	३२.५०
५	सवारी साधन भाडा	१२३३००	१.१५
६	जनचेतना	१२१३५१	१.१३
	जम्मा	**१०७६९०२४**	१००

२४.२		२०७९-१-१८	कोभिड १९ नियन्त्रणकोलागि औषधि तथा उपकरण खरिद गरी रु ३५ लाख खर्च लेखांकन भएको छ । खरिद भएका औषधिहरु कोभिड १९ सग सम्बन्धित को कुन बिरामीहरुलाई प्रयोग गरिएको हो मुल्य र औषधिको परिमाण खुल्ने अभिलेख तयार गरि खर्चलाई पारदर्शि बनाउनु पर्दछ ।	
२४.३	४०	२०७८-३-३१	आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ४९ मा बिक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने अवस्थामा मात्र कर्मचारीलाई पेश्कि उपलब्ध गराउन सकिने व्यवस्था छ । कोभिड १९ व्यवस्थापन कार्यको लागि स्वास्थ्य संयोजक श्री बिजय कुमार काप्रीले रु १०७०७१०।०० र सि अनमी श्री सिमा मिश्रले रु ५४५८१२।०० सोधभर्ना तथा भुक्तानी लिएको देखियो । लाखौ रकमको खरिद गर्दा प्रतिस्पर्धा गराई सोझै आपूर्तकलाई रकम भुक्तानी गर्नु पर्दछ ।	
२४.४	४१	२०७८-३-३१	दिपशिखा आयल ट्रेडर्सलाई क्वारेन्टिन व्यवस्थापनको लागि जेनेरेटर सञ्चालन गर्न रु १२१३५१।०० भुक्तानी गरेकोमा कर बिजक संलग्न गरेको देखिएन । ईन्धन खपतको लगबुक सहित कर बिजक पेश गर्नु पर्दछ ।रु	१२१,३५१

२४.५	४	२०७७-७-३	यूथ भिजन ट्रेडिङ कन्सर्नबाट ४० थान पिपिई सेट प्रति थान रु ३२५० को दरले स्पेसिफिकेसन नखुलाई प्रतिस्पर्धा नगरी सोझै खरिद गरेको देखियो । बोलपत्र मार्फत सोफि ईन्टरनेसनलबाट १०० थान पिपिई सेट प्रतिसेट रु २४०० को दरले खरिद भएको छ । जस अनुसार यूथ भिजन ट्रेडिङ कन्सर्नलाई प्रतिसेट रु ८५० को दरले ४० सेटको रु ३४ हजार थप व्याय भार परेको छ । कोभिड संक्रमणको पिपिई वेगर आईसोलेसन तथा कार्यालय संचालन गर्ने नसकिने तथा समायमा बजारमा पिपिई सेट अभाव भएको र सो समयको प्रचलित बजार दरमा बढी नहुने गरी खरिद गरेको कार्यालयको भनाई रहेको छ । खरिद कार्य मितव्ययि गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । बढि मूल्यमा खरिद भएको रकम फरक स्पेसिफिकेसनको भए प्रमाण पेश गर्नु पर्दछ । अन्यथा असूल गर्नु पर्दछ ।रु	३४,०००
२४.६			सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६(६) मा आपसी मिलेमतो गरी बोलपत्र दाखिला भएमा त्यस्तो बोलपत्र रद्ब हुने व्यवस्था छ । पालिकाले औषधि खरिदको लागि रु ३८ लाख ५७ हजारको लागत अनुमान तयार गरी बोलपत्र आवहान गरेकोमा ३ वटा मात्र बोलपत्र दर्ता भएको र ३ वटैको कबोल अंक लागत अनुमानकै हाराहारीमा रहेको देखियो । ति मध्ये सोफि ईन्टरनेसनल प्रालीको रु ३७ लाख ८२ को बोलपत्र पालिकाले स्विकृत गरेको छ । सम्झौता रकम लागत अनुमान भन्दा १.९४ प्रतिशत मात्र घटि छ । साथै आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नु पर्ने तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाउनु पर्दछ । आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ ।तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
२५			**निर्माण सामग्री खपतको नाँपजाँच** निर्माण सामग्रीहरु योजना खुलाई खरिद गर्नु पर्दछ । खरिद भएका निर्माण सामग्रिहरु योजनाहरुमा खपत भएको प्राबिधिक नाँपजाच सहितको प्रमाण पेश गर्नु पर्दछ । पालिकाबाट प्राप्त बिबरण तथा जिन्सीखाता परिक्षण गर्दा निम्नानुसारको निर्माण सामग्रीहरु जिन्सि खाताबाट खर्च घटाई मागफाराम एवं भरपाईको	४,०२७,६७२

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>आधारमा सेवाग्राहिहरुलाई बितरण गरेको देखियो उक्त निर्माण सामग्रीहरु तोकिए बमोजिम सेवाग्राहिहरुले प्रयोग तथा लेईङ भएको प्रमाण सहित ईन्जिनियरबाट मूल्यांकन गरी नापी किताब पेश गर्नु पर्दछ । रु
<table>
<tr><th>सि नं</th><th>सामानको नाम</th><th>परिमाण</th><th>मूल्य</th></tr>
<tr><td>१</td><td>३२ एम एम एचडिपि पाईप पिएन १०</td><td>१६०० मिटर</td><td>१०९५००</td></tr>
<tr><td>२</td><td>२५ एम एम एचडिपि पाईप पिएन १०</td><td>२१६०० मिटर</td><td>१११६७२३</td></tr>
<tr><td>३</td><td>२० एम एम एचडिपि पाईप पिएन १०</td><td>२७००० मिटर</td><td>१०६६५३८</td></tr>
<tr><td>४</td><td>जस्तापाता</td><td>१०१.३० बण्डल</td><td>१०१३५१७</td></tr>
<tr><td>५</td><td>ग्याविन बक्स</td><td>१७२ थान</td><td>७२१४९४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४०२७६७२</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२६</td>
<td></td>
<td></td>
<td>बिद्यार्थि स्तानान्तरण
गाँउ शिक्षा समितिको २०७६।५।११ को निर्णय अनुसार गिंगु आधारभुत बिद्यालयलाई कालिका माध्यमिक बिद्यालय राक्सिराङ ४ मा मर्ज गर्न शिक्षा बिकास तथा समन्वय ईकाई मकवानपूरलाई सिफारीस गर्ने निर्णय भएको देखिन्छ । तर समन्वय ईकाईले सहमती नदिएकै अवस्थामा पालिकाले बिद्यालय मर्ज गरि सकेको देखिन्छ । शिक्षा शाखाबाट प्राप्त तथ्याङ्क अनुसार खारेज भएको गिंगु आ बि मा ६८ जना बिद्यार्थिहरु अध्ययनरत रहेको देखिन्छ । अध्ययनरत बिद्यार्थिहरु कुन कुन बिद्यालयमा स्थानान्तरण गरियो सो बिषय पालिकाले खुलासा गरेको छैन । यसबाट दुर्गम स्थानका ६८ जना अध्ययनरत बिद्यार्थि सहित गिंगु आसपासका सबै बालबालिकाहरु सर्बसुलभ आधारभुत शिक्षाको हकबाट बञ्चित रहेको देखिन्छ । तसर्थ ६८ जना बिद्यार्थिहरुको शैक्षिक व्यवस्थापन पालिकाले गर्नु पर्दछ । शिक्षा बिकास तथा समन्वय ईकाईको सहमती बेगर बिद्यार्थिहरुको व्यवस्थापनको जिम्मेवारी समेत बहन नगरी बिद्यालय खारेज भएकोले त्यस बिद्यालयमा कार्यरत ३ जना शिक्षकहरुको नाममा तलब भत्ता खर्च लेखेको रु १२ लाख ६८ हजार अनियमित देखियो ।</td>
<td>१,२६८,०००</td>
</tr>
<tr>
<td>२७</td>
<td></td>
<td></td>
<td>क्रसर उद्योगको मौज्दात
जिल्ला समन्वय समिति मकवानपुरको २०७८।६।२० को निर्णयले प्राबिधिक समिति तथा सिफारीस उपसमितिबाट सिफारीश भई आएको स्थानिय तहले घाट गद्दि गरी राखेको परिमाण र बिभिन्न बालुवा तथा क्रसर उद्योगहरुको मौज्दात निम्नानुसार प्रमाणिकरण गरेको देखिन्छ ।</td>
<td></td>
</tr>
</table>

उक्त प्रतिबेदन अनुसार ५ क्रसर उद्योगहरुले १००३७५ घनमिटर अर्थात ३५४१२३० घनफिट नदिजन्य पदार्थ आफ्नो अभिलेखमा घटि मौज्दात कायम गरेको देखिन्छ । मौज्दात घटि देखाएको परिमाणको बिक्रिबाट प्रति घनफिट मूल्य अभिबृद्धिकर समेत १०.१७ को दरले रु ३ करोड ६० लाख १४ हजार आम्दानी हुने देखिन्छ । तसर्थ उक्त रकम छानबिन गरी असूल गर्नु पर्दछ । आर्थिक बर्ष २०७८।७९ मा मौज्दात परिमाणको राजश्व संकलन गरीने पालिकाले जनाएको छ ।

सि नं	क्रसर उद्योगको नाम	अभिलेख अनुसारको मौज्दात घन मिटरमा	अनुगमनबाट देखिएको मौज्दात घन मिटरमा	अभिलेखमा घटि देखाएको मौज्दात घन मिटरमा
१	धनलक्ष्मी वालुवा उद्योग	- ७६७१	२८८००	३६४७१
२	जय हनुमान बालुवा उद्योग	३२०६	७७८०	४५७४
३	बज्र हनुमान बालुवा उद्योग	४८३२	२५६३३	२०८०१
४	गंगोत्री बालुवा उद्योग	- ३४३९	१८४४०	२१८७९
५	लथान निर्माण सेवा	०	१६६५०	१६६५०
	जम्मा			१००३७५

२८

मालबाहक सवारी साधनको क्षमता

२,१०८,३८८

कार्यालयले यस बर्ष ३५४९९०६ घन फिट ढुंगा गिट्टि बालुवा निकासी गरेको छ । अमानतबाट राजश्व संकलन गर्दा १० चक्के टिपरको प्रति टिपर ४०० घनफिट मात्र परिमाण गणना गरि प्रतिघन फिट मूल्य अभिबृद्धि कर समेत रु १०.१७ का दरले राजश्व संकलन गरेको छ । तर नेपालमा संचालनमा रहेका १० चक्के गाडिमा ५६४ घन फिट (१६ घन मिटर) सम्म निर्माण सामग्री ढुवानी हुने देखिन्छ । छिमेकी मनहरी नगरपालिकाले ठेकेदार कम्पनी मार्फत राजश्व संकलन गर्दा १० चक्के टिपरमा ४२४ घन फिटको दरले राजश्व संकलन गरेको देखिन्छ । कम क्षमताको १० चक्के गाडिको १२ घनिमटर मात्र हिसाब गर्दा पनि प्रति टिपर ४२३.३६ घन फिटको हिसाबले असूल हुनु पर्नेमा पालिकाले ४०० घनफिटको दरले मात्र असूल गरेको छ ।

यस पालिकाले अन्य सवारी साधनमा समेत औषत क्षमता भन्दा घटि परीमाण देखाई राजश्व संकलन गरेको देखिन्छ । तसर्थ अमानतबाट उठाएको राजश्वलाई १० चक्के गाडिको आधारमा हिसाब गर्दा १६ बर्ग मिटरको हिसाबले प्रति टिपर १६४ घनफिट र १२ बर्ग मिटरको हिसाबले प्रति टिपर २३.३६ घनफिट कम देखाई राजश्व संकलन गरेको छ । तसर्थ न्यूनतम १२ घन मिटरलाई आधार मान्दा रु २१ लाख ०८ हजार ३८८ घटि राजश्व संकलन भएको

			छ । तसर्थ नेपालमा प्रयोग हुने टिपर लगायतका माल बाहक सवारी साधनको क्षमताको सम्बन्धमा छानबिन गरी अमानतबाट परिमाण घटि देखाई हानि नोक्सानी पारेको रकम परिमाण निर्धारण गर्ने र राजश्व संकलनमा संलग्न पदाधिकारीहरुलाई जिम्मेवार बनाई असूल गर्नु पर्दछ । रु	
२९			**मूल्य अभिबृद्धिकर**	
२९.१			आर्थिक बर्ष २०७७।७८ को जेष्ठ मसान्त सम्म संकलन भएको मूल्य अभिबृद्धि कर रु ४०५२६२९।०० राजश्व शिर्षक नम्बर ३३३१४ मा २०७८।३।१ मा दाखिला गरेको देखियो । राजश्व दाखिला प्रयोजनको लागि २०७६।४।१ देखि लागु हुने गरि स्विकृत भएको राजश्व शिर्षक बर्गिकरण अनुसार स्थानिय तहले संकलन गर्ने मूल्य अभिबृद्धि कर राजश्व शिर्षक ३३३१७ मा जम्मा गर्नु पर्दछ । भिन्न शिर्षकमा दाखिला गर्दा ठेकेदारले अन्य असम्बन्धित कारोबारमा मूल्य अभिबृद्धिकरको कर क्रेडिट लिन सक्ने देखिएकोले भिन्न शिर्षकमा दाखिला भएको रकम सम्बन्धित शिर्षकमा समायोजन गर्नु पर्दछ ।	
२९.२				८९,१७०
३०			**ढिला दाखिला** राजश्व दाखिला - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ -२_ मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकि रकम र सो रकमको दश प्रतिशतले जरीवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। गाउपालिकाले ९ वटा वडा कार्यालय र गाउपालिका आफुले मालपोत र अन्य नगदी रसिद मार्फत गर्ने आन्तरिक आम्दानीको प्राप्ती र अभिलेखीकरण गर्ने कार्य स्वीकृत म.ले.प.फारम नम्बरहरु १०१, १०२, १०५, १०६, १०७, १०८, १०९ लगायतका अभिलेखहरु मार्फत राखेको नदेखिदा पूर्ण रहेको भन्न सकिने अवस्था देखिएन । कार्यालयले गर्ने सबै प्रकारको आम्दानीमा स्वीकृत म ले प फारम नम्बरहरु लगायतका स्वीकृत लेखा ढाँचामा अभिलेख अद्यावधिक गर्ने नगरेबाट कति रसिद छपाई गरियो, कुन रसिदबाट के कति आम्दानी भयो र उक्त आम्दानी मध्ये के कति आम्दानी बाधी कहिले दाखिला भयो आदि सम्बन्धमा यकिन हुन सकेन । जसले गर्दा आन्तरिक नियन्त्रणको व्यवस्था कमजोर रहन जानुको साथै आम्दानीको हिनामिना र मस्यौट भएको छैन भन्न सकिने अवस्था देखिएन । लेखापरीक्षणको क्रममा वडा कार्यालयहरुले निम्नानुसार मालपोत तथा नगदि रसिदबाट आम्दानी गरेको देखाएको छ । स्विकृत म ले प फारम अनुसार अभिलेख नराखेकोले वडा गत आम्दानी यथार्थ हो होईन यकिन गर्न सकिएन । वडा कार्यालयहरुले आम्दानी देखाएको रकम समेत समयमा दाखिला नगरि	१३५,८७२

महिना दिन सम्म ढिला दाखिला गरेको देखियो । तसर्थ राजश्व अभिलेखको स्विकृत म ले प फारमहरु सहित ढिला दाखिला गरे वापत छानबिन गरी १० प्रतिशतको दरले हुने निम्नानुसारको जरिवाना रकम सम्बन्धित वडा सचिवलाई जिम्मेवार वनाई असूल गर्नु पर्दछ । रु

वडा नम्बर	ढिल दाखिला गरेको रकम	१० प्रतिशत जरिवाना
१	२९१०९७	२९११०
२	१२८०९९	१२८१०
३	१४६३२१	१४६३२
४	१४७९४८	१४७९५
५	१६०९७९	१६०९८
६	१३२२९४	१३२२९
७	७१५९५	७१५९
८	१२७४७२	१२७४७
९	१५२९२०	१५२९२
जम्मा	१३५८७२५	१३५८७२

३१

परिमाण घटि देखाएको

११,८९९,३६७

मनहरी खोलाको मनहरी पुलदेखि उत्तरतर्फ ५०० मिटर माथि देखि चैनपुर सम्मको बगरबाट वार्षिक ६६७२३ घनमिटर उत्खनन् गर्न सकिने भनि IEE प्रतिवेदनले उल्लेख गरेको छ।त्यसैगरी उक्त खोलाको चैनपुर देखि गोराङ्दी दोभानसम्मको बगरबाट ६७०६२.५० घनमिटर वार्षिक उत्खनन् गर्न सकिने भनी अर्को IEE प्रतिवेदनले उल्लेख गरेको छ। जसअनुसार मनहरी खोलाको मनहरी पुलदेखि ५०० मिटर उत्तरदेखि चैनपुर हुदै गोराङ्दी दोभानसम्मको दोभानसम्मको क्षेत्रबाट वार्षिक १३३७८५.५० घनमिटर अर्थात ४७१९९५२ उत्खनन् गर्न सकिने व्यहोरा उक्त २ वटा IEE प्रतिवेदनले उल्लेख गरेको छ ।

			तर पालिकाले अमानतबाट ३५४९९०६ घनफिट मात्र संकलन गरेको देखाएको छ । आईई प्रतिबेदन भन्दा ११७००४६ घनफिट घटि संकलन गरेको देखाएको कारण प्रति घनफिट मूल्य अभिबृद्धि कर समेत १०.१७ को दरले रु ११८९९३६७।०० हानि नोक्सानी भएको देखिन्छ । उक्त रकम अमानतबाट राजश्व संकलनको निर्णय गर्ने र राजश्व संकलनमा संलग्न पदाधिकारीहरुलाई जिम्मेवार बनाई असूल गर्नु पर्दछ । रु	
३२			**आईई प्रतिबेदन** तत्कालिन पर्सा वन्यजन्तु आरक्ष कार्यालयले २०६३ मा गरेको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिबेदनले ५ बर्षका लागि नदिजन्य पदार्थको परिमाण आंकलन गरि संकलन तथा निकासी कार्य गरेको थियो । जस अनुसार मकवानपूर जिल्लामा रहेका खोलाहरु तथा नदिहरुबाट ३२ लाख ७५ हजार घनमिटर अर्थात ११ करोड ५५ लाख ४२ हजार घन फिट नदिजन्य पदार्थ संकलन तथा निकासी गर्न सकिने उल्लेख छ । सो बमोजिम मकवानपूर जिल्लाबाट मात्र प्रति बर्ग फिट रु १०.१७ को दरले रु १ अर्ब १७ करोड ५० लाख ६२ हजार नदि जन्य पदार्थको निकासीबाट आम्दानी हुनु पर्ने देखिन्छ । यस जिल्लामा मुख्यतया हेटौडा उपमहानगर पालिका, मनहरी गाउपालिका, बकैया गाँउपालिका, राक्सिराङ गाँउपालिका, मकवानपुर गढि गाँउपालिका र भिमफेदि गाँउपालिकाले नदिजन्य पदार्थको निकासी गर्ने देखिएकोले ति स्थानिय तहहरुबाट संकलन गरिएको कुल राजश्व आईई प्रतिबेदन अनुसार भए नभएको छानबिन गर्नु पर्दछ ।	
३३			**१० शैयाको अस्पताल** पालिकालाई १० शैयाको लागी एकीकृत स्वास्थ्य पुर्वाधार विकासका लागि रु.८५ लाख बजेट प्राप्त भएको छ । सो बजेटबाट पालिकाले उक्त अस्पतालको निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन(डीपिआर) निर्माण कार्य प्लाट फर्म ईन्जिनियरङ्ग कन्ट्रक्सन एण्ड कन्सल्टेनसी प्रालिबाट गराई रु.८०००००।०० भुक्तानी दिएको छ । सोही डिपिआर प्रतिवेदन अनुसार रु.११४५०७५८८.२० को लागत अनुमान भएको उक्त अस्पताल निर्माण कार्यको लागि सुचना प्रकाशित गरेकोमा मिति २०७८।०८।२० मा लामा वानीय जेभीसँग रु.५९८५८५७१.०४ मा २०८०।०९।१३ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको छ । आर्थिक वर्ष २०७७।७८ मा बजेट व्यवस्था भएकोमा निर्माण स्थलको जग्गा समस्याको कारण उक्त कार्य हुन नसकेकोले उक्त बजेट फ्रिज भएको देखिन्छ । यस वर्ष उक्त शिर्षकमा पालिकाबाट बजेट विनियोजन नभएको र संघ सरकारबाट समेत लेखापरीक्षण अविधि २०७८।१२।२० सम्म अख्तियारी प्राप्त नभएकोले निर्माण व्यवसायिले कार्य सुरु गरेको देखिएन । तसर्थ पालिकाले निर्माण कार्य सुरुहुनु अघि साईट क्लियरेन्स, जग्गा समस्या लागतयका विषयहरु ध्यान नदिएको कारण बजेट फिर्ता भएको तथा हाल उक्त कार्यक्रममा बजेट प्राप्त नभएको र पालिकाबाट पनि बजेट विनियोजन नगरिएको कारण उक्त निर्माण कार्य समयमै सम्पन्न हुन सक्ने देखिएन । तसर्थ पालिकाले ठेक्का व्यवस्थापन गर्नुपुर्व आवश्यक पुर्वतयारी गरी निर्माण कार्य समयमै सम्पन्न गर्ने तर्फ ध्यानदिनुपर्ने देखिन्छ ।	
३४			**विशेष अनुदान** विशेष अनुदान सम्बन्धी कार्यविधि २०७७ को बुदा नं.८(२) मा यस अनुदानबाट संचालित योजनाहरु उपभोक्ता समितिबाट गर्न नपाई तथा बुदा नं.४ मा ठेक्काबाट गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकालाई यस वर्ष चेपाङ्ग खानेपानी निर्माणको लागि रु.१ करोड ८ लाख बजेट प्राप्त भएकोमा कार्यपालिकाले निर्णय	१०,३७८,०००

			गरी उक्त बजेट रकमलाई देहाय अनुसार उपभोक्ता समितिबाट संचालित ३३ योजनामा रु १ करोड ०३ लाख ७८ हजार खर्च गरेको छ । संघ सरकार विशेष अनुदान कार्यविधिले तोकीएको योजनामा मात्र खर्च गर्न पाउने गरेकोमा कार्यपालिकाले निर्णय गरी एक मात्र योजनाको लागि भनी प्राप्त बजेटलाई टुक्रा बनाई उपभोक्ता समितिबाट कार्य गराएकोले कार्यविधि अनुकुल देखिएन । तसर्थ पालिकाले कार्यविधिमा उल्लेख भए भन्दा फरक कार्य गरेको सम्बन्धमा संघिय सरकारबाट उक्त कार्य गर्न पाउने भनी खर्च समर्थन गरेको प्रमाण पेश हुनुपर्दछ अन्यथा पालिका श्रोतबाट खर्च लेखि संघीय संचितकोष फिर्ता हुनुपर्दछ । रु.	

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च
१	सरक्षित मातृत्वको लागि यु.एस.जी.खरिद	५०००००	५०००००
२	रोन्दोनो खानेपानी निर्माण वडा नं.८	१०००००	१०००००
३	दुङथली खानेपानी निर्माण योजना वडा नं.६	५०००००	५०००००
४	धुसाराङ्ग खानेपानी निर्माण तथा मर्मत योजना वडा नं.५	२०००००	१९६०००
५	हुजुरुङ्ग खानेपानी मर्मत वडा नं.५	१०००००	१०००००
६	छ्योङ्ग खानेपानी योजना वडा नं.६	४०००००	३९१०००
७	लाईसिराङ्ग खानेपानी मर्मत वडा नं.५	१०००००	१०००००
८	लिकवाङ्ग खानेपानी मर्मत वडा नं.५	१०००००	१०००००
९	सनराङ्ग खानेपानी योजना वडा नं.६	३०००००	३०००००
१०	सुनार गाउँ खानेपानी योजना वडा नं.९	६५००००	६५००००
११	दुर्गाटोल खानेपानी योजना	२०००००	१९३०००
१२	रैकराङ्ग खानेपानी मर्मत वडा नं.५	१५००००	१५००००
१३	कुँडुले खानेपानी योजना वडा नं.२	४०००००	३८८०००
१४	गोठेरी खानेपानी ट्याङ्की निर्माण वडा नं.३	५०००००	४८२०००
१५	विन्देश्वरी विद्यालय खानेपानी योजना वडा नं.१	३०००००	३०००००
१६	तोक्थेराङ खानेपानी निर्माण वडा नं.८	३०००००	३०००००

				१७	ठुलो टोड्के खानेपानी ट्याङ्की निर्माण वडा नं.८	४००००००	४००००००		
				१८	देवीटार खानेपानी मर्मत योजना वडा नं.८	३००००००	३००००००		
				१९	केरावारी विद्यालय खानेपानी योजना वडा नं.३	५००००००	४८८००००		
				२०	साङ्गे घैयावारी खानेपानी योजना वडा नं.७	३००००००	२७९००००		
				२१	सानो टोड्के गालवाङ्ग खानेपानी ट्याङ्की निर्माण तथा मर्मत वडा नं.८	१५००००	१५००००		
				२२	सानोभावर विद्यालय खानेपानी योजना वडा नं.१	३००००००	३००००००		
				२३	दार्सि कोटेवाङ्ग खानेपानी योजना वडा नं.९	४००००००	४००००००		
				२४	सरकारी ब्लोन टोल खानेपानी योजना वडा नं.३	५००००	४९०००		
				२५	चरीमारा गाउँपालिका खानेपानी ब्यवस्था वडा नं.७	४००००००	३९४००००		
				२६	जापराङ सोलार पम्पिङ्ग खानेपानी योजना वडा नं.८	३००००००	३००००००		
				२७	जयारोघारी पाङथली खानेपानी निर्माण वडा नं.८	२००००००	२००००००		
				२८	सुनारी सौरा खानेपानी योजना वडा नं.२	५००००००	४७३००००		
				२९	बोटवारी बिचटोल खानेपानी योजना वडा नं.५	५००००००	५००००००		
				३०	पाउरेक गोठबारी खानेपानी मर्मत तथा धारा निर्माण वडा नं.२	२५००००	२४००००		
				३१	लंका खानेपानी योजना वडा नं.७	७५००००	७५००००		
				३२	दुर्गा टोल चौतारा खोल्चा खोल्चा खानेपानी वडा नं.३	३००००००	०		

https://nams.oag.gov.np

			३३ | [सिंजालीटार मानेटोल खानेपानी योजना वडा नं.३] | ४००००० | ३९९००० कुल जम्मा | १०८००००० | १०३७८०००	
३५			**सम्झौता भन्दा बढि पेश्की** पालिकाले बोटवारी परेवाभिर सडक निर्माण कार्यको लागि लामा वानीया जेभीसँग मिति २०७७।०८।२२ मा गरेको सम्झौताको स्पेसल कन्डिसन अफ कन्ट्रयाकको बुदा नं ५७.१ मा प्रथम किस्ता ५ प्रतिशत र दोस्रो किस्ता ५ प्रतिशत गरी अधिकतम १० प्रतिशत पेश्की दिने उल्लेख छ । निर्माण व्यवसायिले रु.४४३४९८६९।०० मा उक्त कार्य सम्पन्न गर्ने गरी पालिकासँग सम्झौता गरेको छ । उक्त सम्झौता अनुसार निर्माण व्यवसायिले प्रथम किस्तामा रु.२२१७४९३।०० र कार्य सूरु गरे पश्चात थप रु.२२१७४९३।०० गरी कुल रु.४४३४९८६८।०० मात्र पेश्की पाउने देखिन्छ । तर पालिकाले गोभौ नं ७४ मिति २०७७।१०।२० बाट रु.७५६००००।०० पेश्की दिएको छ । पालिकाले तयार गरेको स्टयाण्डर्ड विडिङ्ग डकुमेन्ट तथा सम्झौता भन्दा रु.३१२५०१३।०० बढी पेश्की दिएको छ । यस सम्बन्धमा छलफल गर्दा खरिद ऐन अनुसार सम्झौता रकममा २० प्रतिशत नबढने गरी बैंक जमानत माग गरी पेश्की दिएको र उक्त पेश्की मिति २०७८।०३।३० मा फर्छ्यौट भई सकेको पालिकाको भनाई रहेको छ । तर सम्झौता भन्दा बढी पेश्की दिन नमिल्ने देखिएकोले नियमावलीमा भएको व्यवस्था अनुसार १० प्रतिशतका दरले रु.३१२५०१३।०० को १६० दिनको रु.१३८८९०।०० ब्याज असूल हुनुपर्दछ । रु	१३८,८९०
३६			**पिएसको विल** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको विल भरपाई सहित लेखाराख्नुपर्ने व्यवस्था गरेको छ । ठेक्का व्यवस्थापन मार्फत संचालन हुने योजनाकै पिएस अन्तरगतको रकम भुक्तानी गर्दा निर्माण व्यवसायिले उक्त रकम खर्च गरेको देखिने विल भरपाई सहितको प्रमाण सार्वजनिक निकायमा पेश गर्नुपर्दछ । पालिकाले वोटवारी परेवाभिर सडक निर्माण कार्य अन्तरगत लामा वानीया जेभीलाई गोभौ २०३ मिति २०७८।०१।१५ मा प्रथम रनिङ्ग विल वापतको रकम भुक्तानी गर्दा पिएस वापत रु.४०००००।०० भुक्तानी दिएको छ । निर्माण व्यवसायिले बिमा वापत प्रिमियम भुक्तानी गरेको रु.२४९३१८।०० को मात्र विल पेश गरेको छ । जसअनुसार निर्माण व्यवसायिले पेश गरेको विमाको विल भन्दा रु.१५०६८१।०० बढी भुक्तानी भएको देखिन्छ । अतः विल भन्दा बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ । रु	१५०,६८१
३७			**एउटै सडक खण्डमा दुई पटक ठेक्का** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । तर पालिकाले ठेक्का नं २।२०७७।७८ बाट परेवाभिर सडक खण्डमा ३३२ मिटरमा आरसीसी वाल सहितको स्टक्चर निर्माणको लागि रु.६६१६९६४१।०० को लागत अनुमान तयार गरेकोमा लामा बानीया जेभीले रु.४४३४९८६९।०० मा गर्ने गरी सम्झौता गरेको छ । करिब चार मिटर अग्लो उक्त वाल निर्माण कार्यमा Embackment को कार्य लागत अनुमानमा समावेश	

नगरेको कारण उक्त कार्यको छुट्टै लागत अनुमान तयार गरी कार्य गराएको देखिन्छ । पालिकाले लामा वानीया जेभीले निर्माण गर्ने ३३२ मिटर सडक वालको भित्र ग्राभेल तथा माटोले भर्ने कार्यको लागि रु.१८७९९९२।०० को लागत अनुमान तयार गरि सिलबन्दी दरभाउपत्र माग गरिएकोमा ईभाना कन्ट्रक्सनले रु.१८६५७८८ मा सम्झौता गरेको छ । जसअनुसार पालिकाले ई विड बाट ठेक्का व्यवस्थापन गरेकोमा स्टक्चरको कार्यमा लागत अनुमानको तुलनामा ३५ प्रतिशत घटीमा कार्य गर्ने सम्झौता भई निर्माणाधिन रहेको छ भने सोही स्थानमा ब्यकफिल तथा ईम्ब्याकमेन्टको कार्यको लागि हार्ड कपि सिलबन्दी दरभाउपत्रबाट कार्य गराएकोमा लागत अनुमानको तलुनामा ०.९१ प्रतिशत घटीमा मात्र सम्झौता भएको छ । एकै सडक खण्डको एउटै स्थानमा एकमुष्ट ठेक्का व्यवस्थापन नगरी फरक फरक ठेक्का आहवान गरेको कारण ईम्ब्यकमेन्टको कार्यमा मात्र पालिकालाई ३४ प्रतिशतले रु.६३९१९३।०० थप व्ययभार परेको छ । साथै लामा वानीया जेभीले २२० मिटरमा मात्र सडक वाल लगाएको कारण ईभाना कन्ट्रक्सन्ले पनि सोही २२० मिटरमा मात्र ईम्ब्याकमेन्टको कार्य गरेको छ । साथै पालिकाले उक्त सडक निर्माण कार्य चालु रहेको अवस्थामा हाल २३ प्रतिशतको भेरियसन गर्नुपर्ने अवस्था रहेको जानकारी लेखापरीक्षणको क्रममा प्राप्त भएको छ । तसर्थ पालिकाले पुर्वाअनुमान हुने कार्यको लागि एकमुष्ठ ठेक्का व्यवस्था गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३८

ननफाईलर

७३९,७११

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले विभिन्न शीर्षकमा देहायका फर्मलाई निम्नानुसारको मू.अ.कर रकम भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

भौ.नं.	व्यवसायिको नाम	कार्य तथा योजना	भ्याट/प्यान नं	ननफाईलर अवधि	मू.अ. कर
प्र पू ३	भान्जा टेक कन्ट्रक्सन एण्ड सप्लायर्स	परेवाभिर काङ्गसिङ्ग लोजा सडक	६०९७३९५४९	२०७७।एम।११	५१३८५६
पालिका २०६	भान्जा टेक कन्ट्रक्सन एण्ड सप्लायर्स	-	६०९७३९५४९	२०७७।एम।११	२२५८५५
	जम्मा				७३९७११

३९

मु.अ. कर समायोजन

५३४,९८८

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूर्ती गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५०(२०७८ जेष्ठ १५ पछीको भुक्तानीमा ३० प्रतिशत) प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम मात्र भूक्तानी

https://nams.oag.gov.np

दिने उल्लेख छ । पालिकाले देहायअनुसारको भुक्तानी मू.अ.कर रकम कट्टी गरेको पाईएन । त्यसैले सम्बन्धित फर्मलाई पालिकाबाट भूक्तानी भएको मु.अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

भौ नं	कार्य	सप्लायर्स।फर्म	कर विजक मिति	मूअ कर रकम	३०।५० % ले हुने रकम
२२	प्रयोशाला सामाग्री खरिद	चितवन साईन्टीफीक लिंक प्रालि	२०७७।११।२४	५७४५२	२८७२६
४०	कम्प्युटर लगायतका सामाग्री खरिद	हेटौडा कम्प्युटर बजार	२०७७।०१।०१	९५८३६	४७९१८
६२	शैक्षिक सामाग्री खरिद	एस एन ट्रेड सप्लायर्स	२०७८।०३।१६	५७४३०	१७२२९
४७	चेपाङ्ग संग्राहालय डीपीआर	सिभिल बर्कस ईन्जिनियरिङ्ग	२०७७।०९।१६	१३७५४०	६८७७०
९७	मनहरीखोला आईईई	रिसर्च ईन्क्लेव प्रालि	२०७७।१०।२८	१३७३०५	६८६५३
९८	पालिका भवनको डिपिआर	नारायणी ट्रनिङ्ग एण्ड ईन्जिनिरिङ्ग	२०७७।१०।१९	११४५३०	५७२६५
१०७	पाबर व्यकअप खरिद	सुब्बा ट्रैडिङ्ग कम्पनी प्रालि	२०७७।११।०७	१५८१८५	७९०९३
१८०	ल्यापटप खरिद	जेरिना कम्प्युटर ईन्फोसिस	२०७७।१२।१२	९१८४३	४५९२२
२८८	नेटवर्कीङ्ग	बापु सप्लायर्स	२०७८।०३।२०	४०४९५	१२१४९
२९३	खेलकुद मैदान डिपिआर	प्लाटफर्म ईन्जिनयरिङ्ग प्रालि	२०७८।०३।२६	५७१३५	१७१४१
१	१० शैया अस्पतालको डीपिआर	प्लाटफर्म ईन्जिनयरिङ्ग प्रालि	उल्लेख नभएको	९२१२४	९२१२४
	जम्मा			१०३९८७५	५३४९८८

४० **बायो-इञ्जिनियरिङ्ग**

सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत/सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू–क्षय रोक्नका लागि बायो-इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै

			जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो–इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू–क्षय तथा भू–स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।	
४१			**सडक निर्माण** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पुर्वाधार विकास क्षेत्रमा कुल रु.२१ करोड ७२ लाख ९९हजार बजेट विनियोजन गरेकोमा सडक तथा पुलमा मात्र रु.१६ करोड ८५ लाख ५४ हजार बजेट वनियोजन गरेको देखिन्छ । उक्त विनियोजन रकम मध्ये यस वर्ष सडक निर्माणमा कुल रु.१२ करोड १ लाख ९६ हजार खर्च भएको देखिन्छ । जसमध्ये पालिकाले ठेक्का व्यवस्थापन मर्फत रु.४ करोड ३४ लाख ४५ हजार को सडक खर्च गरेको छ भने रु.७ करोड ६७ लाख ५१ हजारको सडक उपभोक्ता समितिमार्फत गराएको देखिन्छ । उपभोक्ता समितिमार्फ निर्माण गरेको अधिकांश कार्य मेसिन लगाई सडक खन्ने मात्र रहेको छ । पालिकाबाट निर्माण गरिएको अधिकांश सडकको डिपिआर समेत नभएको र उपभोक्ता समितिबाट वर्षेनि खडक खन्ने कार्य मात्र गराएकोमा यस वर्ष पालिकाले दुई वटा ठेक्का व्यवस्था मार्फ सडक सफाई कार्यमा मात्र रु.९० लाख खर्च गरेको छ । पालिकाले सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा सडक छेउमा स्टक्चरको कार्यलाई ध्यान नदिएको कारण वर्षेनी सडक सफाई कार्यमा रकम खर्च गर्न परेको देखिन्छ । तसर्थ पालिकाले सडक खन्ने कार्यमा मात्र ध्यान नदिई निर्माण गरिएका सडकको स्तरउन्नती तथा सडकमा संरचना निर्माणको कार्यमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।	
४२	४८१	२०७८-३-२१	**सार्बजनिक सुनुवाई** पालिकाले सार्वजनिक सुनुवाई गरी रु १६०२५०।०० खर्च लेखांकन गरेको छ । सार्बजनिक सुनुवाईबाट मुख्य रुपमा देहायका बिषयहरु उजागर भएको देखिन्छ । सार्बजनिक सुनुवाईमा उठेका बिषयहरुलाई पालिकाले सम्बोधन गरी सुशासन कायम गर्नु पर्दछ । • ४६ प्रतिशतले सार्बजनिक कार्यक्रममा सिमान्त बर्गको उपस्थिति नरहेको वताएका छन । • २२ प्रतिशतले योजनाको बिल भुक्तानीमा अफ्ठेरो रहेको बताएका छन । • २६ प्रतिशतले बिकास निर्माणको बिषयमा जानकारी माग गर्दा नपाईने बताएका छन । • ४० प्रतिशतले स्थानिय निकायको आचार संहिता पालना नभएको बताएका छन । • ३० प्रतिशतले जनप्रतिनिधिहरुले आफ्नो मात्र फाईदा हेरेका र नाताबाद कृपाबादमा फसेको बताएका छन ।	
४३	४९२	२०७८-३-२९	**भू उपयोग रणनीति**	१,४७५,२१५

			भू उपयोग रणनीतिक योजना निर्माण वापत वलार्क ईन्टरनेशनललाई(401379802) रु १४७५२१५।०० भुक्तानी भएको छ । नापी बिभाग अन्तरगतको भू उपयोग व्यवस्थापन महाशाखा (तत्कालीन भू उपयोग आयोजना) ले सबै स्थानिय तहहरुको भू उपयोग नक्सा डाटा तयार गरिसकेको अवस्थामा पालिकाले नापी बिभागसग समन्वय नगरी भू उपयोग कार्यमा खर्च गरेको रु १४७५२१५।०० दोहोरो परेको देखियो । साथै सेवा प्रदायकले कर बिजकमा उल्लेखित स्थायी लेखा नम्बर आन्तरीक राजश्व बिभागको वेभसाईटमा खोजि गर्दा दर्ता भएको नदेखिएकोले छानबिन गरी संघिय सरकारबाट भईसकेको कार्यमा दोहोरो भएको खर्च असूल गर्नु पर्दछ । रु	
४४	४३६	२०७८-३-१३	**घाँस उत्पादन** श्री केशवराज स्याङताङले सुपर निपियर, ईपिल ईपिल, किम्बु लगायतका डाले घास तथा फलफुल बिरुवा खरिद गरि रु २ लाख ४४ हजार सोधभर्ना भुक्तानी लिएको देखियो । उक्त बिरुवाहरु रोपण गरिएको, संरक्षण गरिएको र उत्पादन भएको प्रमाण पेश भएको छैन । कार्यक्रम सञ्चालन गर्ने पशु प्राबिधिक श्री केशबराज स्याङ्ताङले बर्षादको कारण केहि बिरुवाहरु रोपण गर्न नसकि नष्ट भएको जानकारी गराउनु भएको छ । खरिद भएका बिरुवाहरुबाट उतपादन भई किसानहरुले लाभ प्राप्त गरेको सुनिश्चित हुने गरी पालिकाबाट अनुगमन गर्नु पर्दछ ।	
४५	429	२०७८-३-२१	**खाद्य तथा पोषण सुरक्षा** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम रु ५ लाख सम्म मात्र सोझै खरिद गर्न सकिने व्यवस्था छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु २० हजार भन्दा बढिको खरिद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएको सेवा प्रदायकबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । सो बिपरीत पालिकाले ५ बर्षे खाद्य तथा पोषण सूरक्षा रणनीति योजना २०७८।७९ - २०८२।८३ तयार गरे वापत FIAN-NEPAl (303518190) लाई प्रतिस्पर्धा बेगर सोझै सम्झौता गरि रु १११८८००।०० भुक्तानी भएको छ । रकम भुक्तानी गर्दा सेवा प्रदायकले जारी गरेको मूल्य अभिबृद्धि कर बिजक पनि संलग्न भएको छैन । आन्तरीक राजश्व बिभागको वेभ साईट खोजि गर्दा उक्त करदाता आयकर तर्फ २०७०।७१ देखिनै नन् फाईलर रहेकोले निजलाई भुक्तानी भएको रकम बिश्वसनिय देखिएन । नन् फाईलर करदातालाई प्रतिस्पर्धा वेगर सोझे भुक्तानी भएको नियमित नदेखिएको रु	१,११८,८००
४६	४९६	२०७८-३-२९	**गोठ सुधार कार्यक्रम** बिभिन्न ३४ जना किसानहरुको गोठ सुधार कार्यक्रमको लागि प्रति किसान रु १० हजारको दरले ३ लाख ४० हजार खर्च लेखांकन भएको छ । उक्त रकम सम्बन्धित किसानहरुको बैंक खातामा जम्मा गर्नु पर्नेमा कृषि प्राबिधिक श्री केशबराज स्याङताङको बैंक अफ काठमाण्डौमा रहेको खाता नम्बर ०३०४०००००१८६०५२४ मा जम्मा गरेको देखियो । निजले उक्त रकम २०७८।४।२४ मा किसानहरुलाई बुझाएको भरपाई पेश भएको छ । निज कर्मचारीले आफ्नो खाताबाट लाभग्राहिहरुको बैंक अफ काठमाण्डौमा रहेको बैंक खातामा रकम ट्रास्फर गरेको पालिकाले जनाएको छ । सिधै लाभग्राहीले रकम प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्दछ ।	
४७			**शिपमूलक तालिम**	

४७.१	३१८	२०७७-१२-१९	हेटौडा लिंकेज टेक्निकल एकेडेमीलाई रोजगारमुलक तालिम सञ्चालनको खर्चको बिलभरपाई परिक्षण गर्दा १६ जनालाई सवारी चालक अनुमतीपत्रको तालिम वापत रु २९९७६५।०० र १० जनालाई होमस्टे तालिम सञ्चालनको लागि रु २९९७१०।०० भुक्तानी भएको देखियो । कार्यालयबाट तालिम प्रदान गरे पश्चात तालिम लिएका व्यक्तिहरुले सवारी चालक अनुमतीपत्र प्राप्तीको सम्बन्धित यतायत कार्यालयमा निबेदन गरेको र होमस्टेहरु सञ्चालन गरेको सम्बन्धमा पालिकाबाट अनुमगन भएको देखिएन । तसर्थ तालिमको उपयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४७.२	४७३	२०७८-३-१३	उदाहरणिय एकल महिला श्रम सहकारी संस्था लिमिटेडलाई गुडिया, ढाकाको जुत्ता, उनी झोला, लगायतको घरेलु सजावट सामग्री उत्पादन तालिम २० जनालाई प्रदान गरे वापत रु २४८१५०।०० भुक्तानी भएको छ । पालिकाले वर्षेनी उद्यमशिल तालिम प्रदान गर्ने गरेकोमा सो बाट स्थानीय जिवनमा सुधार आएको, सिपमुलक तालिम पश्चात व्यवसाय संचालन गरेको तथा सो बाट आय आर्जन भए नभएको सम्बन्धमा अनुगमन गरेको देखिएन । तसर्थ पालिकाले प्रदान गरेको व्यवसायिक तालिम प्राप्त गर्ने कृषकले व्यवसाय संचालन गरे नगरेको अनुगमन गरी तालिम पश्चात अनिबार्य व्यवसाय संचानल गर्नुपर्ने सर्त सहित तालिम दिने तर्फ ध्यान दिनुपर्दछ ।	
४८			**हेभी ईक्युपमेन्ट** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । यसका केही उदाहरणहरुः	

भौ नं	योजना तथा उपभोक्ता समिति	कार्यसम्पन्न	भुक्तानी	एक्साभेटर तथा ब्रेकर	ईन्धन सहित हेभी ईक्युपमेन्टमा खर्च
स्था १	पाम्पुङ्ग शिलाधुनी सडक निर्माण	१०९१७९०	९५१३६०	विविटी कन्ट्रक्सन कम्पनी प्रालि	१०४४५२३
स्था ३	बेसी खोलाटार राम्चे सडक	१०९२१२२	१०५१०००	रुम्बा कन्ट्रक्सन	९४३२५०
स्था ५	थमुबाङ्ग भिनदेश किन्द्रङ्ग सडक	१०८५९७६	९४७९८७	रुम्बा कन्ट्रक्सन	९८६५५२
प्र ३	परेवा भिर काङ्गसिराङ्ग लोजा धादिङ्ग सडक	४४६०९२९	३८००६०८	भान्जा टेक कन्ट्रक्सन प्रालि	४४६६५९९
१०	दानीघाट तामाङ्ग रानीवन सडक	२६०८२७३	२३६२५०३	ईम्मानुअल निर्माण सेवा प्रालि	२४५४२९४
प्र १३	सोलडाँडा कोकोले चन्द्रटोल सडक	२०९८५८६	१९९९९१०	लक्ष्मी निर्माण सेवा	२०८७०१६
प्र ८	घैयावारी देखि दरलिङ्ग बाख्रा फर्म जोडने सडक	२२०३४८६	१८०८२९५	विविटी कन्ट्रक्सन कम्पनी प्रालि	२२०२७७७
प्र ६	गिंगु रासीराङ्ग जोडने सडक	२२०८२१३	२००००००	आष्मान निर्माण सेवा प्रालि	१९९०७७८
प्र १५	झासीटार पलासे सडक	२०२४५६१	१८३८७४३	चेपाङ्ग निर्माण सेवा	१८३६०००
पा २३७	मायावाङ्ग हुकङ्ग वडा कार्यालय सडक	१०७१३१८	९५५११५	चेपाङ्ग निर्माण सेवा	११३४६८८
पा २९१	हात्तीखोला औले लापुर सडक	१५७४८२२	१४३१४४३	ईम्यानुअल कन्ट्रक्सन	१६६९५२

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>पा १७६</td><td>जिर्खेखोला सिमिनि सडक</td><td>६४३७२८</td><td>५८३७६०</td><td>भान्जा टेक कन्ट्रक्सन</td><td>६६१६३०</td></tr></table>नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>सब कन्ट्रायक
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ९ मा हेभी ईक्युपमेन्ट प्रयोग हुने निर्माण कार्य उपभोक्ता समितिलाई दिन नहुने तथा उपनियम १० मा उपभोक्ता समितिले पाएको कार्य आफैले गर्नुपर्ने र कुनै निर्माण व्यवसायिबाट वा सब कन्ट्रयाक्टबाट गराउन नपाई उल्लेख छ । पालिकाले प्रदेश पुर्वाधार साझेदारी कार्यक्रमतर्फ परेवाभिर काङ्गसिङ्ग लोजा घादिङ्ग सडक निर्माण कार्यको लागि रु.४४६६५९९.६४ को लागत अनुमान तयार गरी रु.४००००००।०० पालिकाले र रु.४६६५९९.६४ उपभोक्ता समितिले बेहोर्ने गरी सम्झौता गरेको छ । उपभोक्ता समितिले २५४० मिटर लम्बाई भएको सडक भान्जा टेक कन्ट्रक्सन एण्ड सप्लायर्सबाट कार्य गराएको रु.४४६६५९९.६४ को कर विजक पेश गरेको छ । साथै पालिका प्राविधिकले मुल्यांकन गरेको अनुसार उक्त सडक निर्माण कार्य रु.४४६०९२९.२९ को मात्र भएको र गोभौ ३ मिति २०७८।०३।०१ बाट उपभोक्ता समितिलाई रु.३८००६०८ भुक्तानी भएको छ । जसअनुसार उपभोक्ता समितिले पालिकासँग सम्झौता गरेकोमा निर्माण व्यवसायिबाट कार्य गराएकोले उक्त कार्य सब कन्ट्रायकबाट गराएको होईन भन्न सकिएन । पालिकाबाट ठेक्का व्यवस्थापन गरी भएको निर्माण कार्यमा लागत अनुमानको तुलनामा ४१ देखि ५९ प्रतिशत घटीमा कार्य गरेकोमा उपभोक्ता समितिसँग सम्झौता गरेको उपभोक्ता समितिले सोही कार्य निर्माण व्यवसायिसँग सम्झौता गरी कार्य गराएकोले थप व्ययभार परेको छ । तसर्थ नियमावलीको व्यवस्था अनुसार उपभोक्ता समितिबाट गराउन नमिल्ने कार्य उपभोक्ता समितिबाट गराएको र उपभोक्ता समितिले पाएको कार्य पुनः निर्माण व्यवसायिबाट गराएकोले नियमति नदेखिएको रु.</td><td>३,८००,६०८</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>जटिल संरचना
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, ग्राकिण विद्युतिकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.</td><td>उपभोक्ता समितिको नाम</td><td>कामको विवरण</td><td>कार्य सम्पन्न</td><td>पालिकाले खर्च लेखेको रकम</td></tr>
<tr><td>२४७</td><td>जिर्खेडाँडा विद्युत विस्तार</td><td>ट्रान्सफरमर जडान</td><td>५५१०७४</td><td>५०००००</td></tr>
<tr><td>२४३</td><td>स्वास्थ्य संस्था भवन निर्माण</td><td>आसिसि स्टकचर सहितको भवन</td><td>३५०६५३४</td><td>३०८८०६२</td></tr>
<tr><td>१२४</td><td>पंजनि विद्युत मर्मत</td><td>विद्युतिकरण</td><td>११४०००</td><td>१०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
बढी दर
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सडक निर्माणको लागि तयार गरेको दरविश्लेषण अनुसार १:२:४ को पिसिसि गर्ने कार्यको दर प्रति घनमिटर रु.९२१९।०० रहेको देखिन्छ । तर पालिकाले देहाय अनुसार योजनाको लागत अनुमान तयार गर्दा भवनतर्फको दर विश्लेषण प्रयोग गरी प्रति घनमिटर रु.१०५८८ ।०० प्रयोग गरेको छ । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी हुने हुदाँ देहायअनुसार योजनामा निम्नानुसारको दरमा बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढी दरमा भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रु.
<table>
<tr><td>भौ नं</td><td>योजना तथा उपभोक्ता</td><td>परिमाण</td><td>प्रयोग दर</td><td>प्रयोग गर्नुपर्ने दर</td><td>बढी दर</td><td>बढी भक्तानी</td></tr>
<tr><td>१९३</td><td>देउकोट आलखोप केरावारी सडक</td><td>२०</td><td>१०५८८</td><td>९२१९</td><td>१३६९</td><td>२७३८५</td></tr>
<tr><td>१२८</td><td>देउकोट सरिखेत सडक</td><td>८५</td><td>१०५८८</td><td>९२१९</td><td>१३६९</td><td>११५९६८</td></tr>
<tr><td>८९</td><td>सालवोटे तिलार सिचाई वडा नं ९</td><td>३७</td><td>१०५८८</td><td>९२१९</td><td>१३६९</td><td>५००५१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१९३४०४।००</td></tr>
</table>
</td><td>१९३,४०४</td></tr>
<tr><td>५२</td><td>२८८</td><td>२०७७-१२-१०</td><td>
शारिरिक सुगठन सामग्री
सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम निर्माण कार्य मात्र उपभोक्ता समितिबाट राउन सकिने व्यवस्था छ । सो बिपरीत सामग्री खरिदको लागि मात्र मर्याङ कालिका स्वास्थ्य यूवा संस्थासग सम्झौता गरी एमएनबिसि प्रा ली बाट रु.७ लाखको शारिरिक सुगठन सामग्री खरिद भएको देखिन्छ । सामग्री खरिदको लागि मात्र उपभोक्ता समितिसग सम्झौता गर्न मिल्ने कानुनी आधार नदेखिएकोले कार्यालयमा दाखिला समेत नगरी समिति मार्फत आपूर्तकलाई भुक्तानी भएको हेन्डल प्लेट, डम्बवेल लगायतका सामग्री खरिदमा भएको खर्च अनियमित देखियो । रु
</td><td>७००,०००</td></tr>
</table>

५३			**प्रगति प्रतिवेदन** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ । साथै उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिकको मंसिर ७ गतेभित्र, दोस्रो चौमासिकको चैत ७ गतेभित्र र तेस्रो चौमासिक तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन। नियमले गरेको व्यवस्था पालनामा ध्यानदिनुपर्ने देखिन्छ।	
५४			**लगत अभिलेख** सामाजिक सुरक्षा नियमावली, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । सामाजिक सुरक्षामा पालिकाले रु १ करोड ५१ लाख १४ हजार खर्च गरेको छ । साथै पालिकाले प्रत्येक बर्ष लाभग्राहीको संख्या यकिन तथा केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी लगत अध्यावधिक गर्ने, भत्ता वितरणको नियमित रुपमा अनुगमन गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा यस वर्ष देखि बैकबाट भत्ता वितरण गरेकोमा लगत कट्टा तथा लाभग्राही थप भएको विवरण प्राप्त हुन सकेन । त्यसैगरी लाभग्राही लगतसँग सम्बन्धित व्यक्तिगत सुचना फाईल समेत तयार भएको देखिएन् । लाभग्राहीको आफन्त मृत्युदर्ता गर्न आएको अवस्थामा मात्र मृत्यु दर्ता गरी लगत कट्टा गरिने जानकारी प्राप्त भएकोले पालिकाले पेश गरेको विवरण तथा लगत कट्टा अभिलेख व्यवस्थित छ भन्न सकिने अवस्था रहेन । तसर्थ पालिकाले यस सम्बन्धमा अनुगमन गरी बैंकमा रकम निकासा भए अनुसार सम्बन्धितले भत्ता बुझेको यकिन गरी लाभग्राही अभिलेख अध्याविधक तथा सुचना फाईल व्यवस्थित गर्नुपर्दछ ।	
५५			**kyc अपडेट नभएको** सामाजिक सूरक्षा संचालन कार्यविधि २०७७ अनुसार सामाजिक सूरक्षा बचत खाता संचानल गर्ने तथा वित्तीय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रवण र माघ महिनाभित्र केन्द्रीय पंजिकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामाजिक सूरक्षा वितरण गर्न बैक अफ काठमाडौ लिमिटेडसँग सम्झौता गरेकोमा सन २०२०।१०।०९ देखि २०२१।०४।३० सम्म पालिकाबाट डमी एकाउन्ट खोलिएकोमा लेखापरीक्षण अवधि २०२२।०३।२८ सम्म पनि kyc अपडेट गर्न नआएको भनी देहाय अनुसार ३ जनाको नाममा हाल सम्म निकासा भएको बैक ब्याज समेतको रकम रु.१७८९११।०० रकम निष्कृय खाताको विवरण प्राप्त भएको छ । तसर्थ बैकबाट निश्कृय तथा KYC अपडेट खातामा रहेको मौज्दात यकिन गरी संघीय संचितकोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु	१७८,९११

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि नं</td><td>नाम</td><td>परिचयपत्र नं</td><td>खाता खोलेको मिति</td><td>हालसम्म जम्मा रकम</td></tr>
<tr><td>१</td><td>काली माया रुम्बा</td><td>२००४५०१५०३९१३</td><td>२०२०।१०।०९</td><td>८६२०५</td></tr>
<tr><td>२</td><td>साईली माया मोक्तान</td><td>१९९६०८११७०९१४</td><td>२०२०।१०।०९</td><td>८६२०५</td></tr>
<tr><td>३</td><td>दियाना नेपाली</td><td>२०७५१२१४०४१४९</td><td>२०२१।०२।२१</td><td>६५०१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१७८९११</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>रमाना पछीको तलब
राष्ट्रीय माध्यामिक विद्यालय सिलाङ्गेको शिक्षक लालमाया रुम्बा मिति २०७७।१२।२३ को निर्णय अनुसार राष्ट्रीय मावि मनहरीमा सरुवा भएकोमा विद्यालयबाट मिति २०७७।१२।२४ मा रमाना भएको देखिन्छ । विद्यालयले मिति २०७७।१२।२४ सम्मको तलबभत्ता तथा पर्व खर्च विद्यालयबाट भुक्तानी भएको रमानामा श्रेस्तामा संलग्न रहेको छ । तर निजको नाममा २०७८ बैशाख देखि आषाढ सम्म प्रति महिनामा रु.२१५१४।०० का दरले ३ महिनाको रु.६४५४२।०० बढी निकासा भएको देखिन्छ । रमाना भएको मिति भन्दा पछिको तलबभत्ता खर्च लेखेको रकम निजबाट असूल हुनुपर्दछ । रु.</td><td>६४,५४२</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>रमाना पछीको तलब
सुर्योदय माध्यामिक विद्यालयका शिक्षक विशाल प्रसाद लामिछाने मिति २०७७।०६।०९ को निर्णय अनुसार युवा वर्ष आधारभुत विद्यालय मनहरीमा सरुवा भएकोमा विद्यालयबाट मिति २०७७।०६।२७ मा रमाना भएको देखिन्छ । विद्यालयले मिति २०७७।०६।२७ मा दिएको रमानामा निजले असोज महिना सम्मको तलबभत्ता तथा पर्व खर्च विद्यालयबाट भुक्तानी भएको उल्लेख गरेको छ । तर निजको नाममा कार्तीक तथा मंसिर महिनामा रु.३१६७१।०० का दरले दुई महिनाको रु.६३३४२।०० बढी निकासा भएको देखिन्छ । रमाना भएको मिति भन्दा पछिको तलबभत्ता खर्च लेखेको रकम निजबाट असूल हुनुपर्दछ । रु.</td><td>६३,३४२</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>बढी भुक्तानी
बागमती प्रदेश हस्तान्तरित कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०७७।७८ को लागि स्थानीय तहमा विनियोजित सशर्त अनुदान वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शनले प्रारम्भीक वाल विकास शिक्षिकाहरुलाई प्रोत्साहन खर्च वापत प्रति महिना रु.१००० र पर्व खर्च रु.१ हजार गरी वार्षिक रु.१३००० मात्र खर्च लेख्ने पाउने व्यवस्था गरेको छ । जसअनुसार पालिकाले यस वर्ष ६ महिना कार्य गरेका ९ जनाको लागि रु.५४०००।०० र १२ महिना कार्य गरेका ५३ जनाको लागि रु.६८९०००।०० समेत गरी कुल रु.७४३०००।०० मात्र खर्च लेख्न पाउने देखिन्छ । तर पालिकाले प्राप्त बजेटलाई दामासायी रुपमा विभाजन</td><td>३५,६७६</td></tr>
</table>

			गरी रु.७७८६७६।०० खर्च लेखांकन गरेको छ । जसबाट मार्गदर्शनमा उल्लेख भए भन्दा रु.३५६७६ बढी खर्च लेखेको देखिन्छ । तसर्थ मार्गदर्शनले तोकेभन्दा बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ । रु.	
५९			**औषधि** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय सशर्त अनुदानतर्फ गोभौ २१५ मिति २०७८।०३।२५ बाट त्रिजला मेडिसिन सप्लायर्सबाट रु.७८२५६०।०० र गोभौ २२१ मिति २०७८।०३।२५ बाट सेवक फर्माबाट रु.२४९५४८।०० गरी ३५ प्रकारका औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः क)प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ । तर खरिद गरेका औषधिको विल तथा जिन्सी दाखिलामा ब्याच नं, उत्पादन मिति र म्याद समाप्त हुने मिति उल्लेख गरेको देखिएन् । ख) आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड भएको भनी विज्ञबाट मुचुल्का उठाई प्रमाणित राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश नभएको । ग) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँधि अभिलेख व्यवस्थित नगरेको । घ)औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
६०			**विद्युत महशुल** सुशासन, (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारित समयमानै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने व्यवस्था छ। पालिकाले राक्सिराङ्ग स्वास्थ्य चौकीको विद्युत महशुल समयमै भुक्तानी नगरेको कारण गोभौ १७५ मिति २०७८।०३।१९ बाट रु.३४९१२।०० जरीवाना भुक्तानी गरेको छ । समयमै महशुल भुक्तानी गर्नु पर्दछ ।	
६१			**अुदानको अभिलेख** पालिकाबाट अनुदान वितरण गर्दा अधिकतम कृषक वा समुहको सहभागीता हुने तथा एकै कृषक वा समुहलाई पटक पटक गरी अनुदान उपलब्ध नहुने गरी कार्यविधि व्यवस्थित गर्ने तथा अनुदान वितरण गर्ने गर्नु पर्दछ । तर पालिकाले कृषि अनुदान वितरण सम्बन्धि कार्यविधि व्यवस्थित गरेको देखिएन । पालिकाले यस वर्ष गोभौ १८७ मिति २०७८।०३।२२ बाट माकल दमार कृषि तथा पशुपन्छि समुहलाई कागती, आँप, लिचि, एभोकाडो, अनार तथा केराको विरुवा	

			रोपण कार्य अन्तरगत ५० प्रतिशत अनुदान कार्यक्रम अन्तरगत रु.४५०००.०० भुक्तानी दिएको छ । सोही कृषक समुहलाई गोभौ ४९३ बाट पशु सेवातर्फको कार्यक्रम अन्तरगत बाख्राको खोर, वोयर वोका र खरि जातको बाख्रा खरिद कार्यको लागि ५० प्रतिशत अनुदान रु.५०००००।०० भुक्तानी दिएको छ । पालिकाले पटक पटक एकै कृषक समुहलाई अनुदान उपलब्ध गराउनुको कारण स्पष्ट हुन सकेन । साथै पालकिाले कृषक अभिलेख व्यवस्थित नगरेको कारण गत विगत वर्षमा समेत सोही कृषक समुहलाई अनुदान उपलब्ध गराएको नहोला भन्न सकिने अवस्था रहेन । तसर्थ पालिकाले अनुदान वितरण सम्वन्धि कार्यविधि व्यस्थित गरी पटक पटक एकै कृषक तथा समुहलाई अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
६२			**खरको छानो मुक्त घर** पालिकालाई बागमती प्रदेश सरकारले स्थानीय तहको समन्वयमा खरको छानो भएका घरहरुको खरको छानो मुक्त गर्ने कार्यक्रमको लागि बजेट निकासा दिएकोमा यस वर्ष १२६ वटा घर छनौट भएका देखिन्छ । गोभौ २२४ मिति २०७८।०३।२५ बाट छनौट भएको मध्ये ७७ वटाले पालिकासँग सम्झौता गरी प्राविधिक मुल्यांकनको ६० प्रतिशतले हुने रकम रु.२२७६०।०० देखि २४०००।०० सम्म रु.१८०५६९४।०० अनुदान भुक्तानी लिएको देखिन्छ । तर उक्त अनुदानको रकमबाट घर निर्माण कार्य सम्पन्न भए नभएको सम्वन्धमा पालिकाबाट अनुगमन भएको तथा प्राविधिक मुल्यांकन भएको देखिएन । दोस्रो किस्ताको रकम भुक्तानी गर्दा कार्य सम्पन्न भएको प्रतिवेदन समावेश गरिने कार्यालयको भनाई रहेको छ । तसर्थ पालिकाले अनुदान उपलब्ध गराएको रकम सोही अनुरुप खर्च भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।	
६३			**सुरक्षित नागरिक आवास निर्माण** पालिकालाई यस वर्ष १७३ वटा सुरक्षित नागरिक आवास निर्माणका लागि बजेट प्राप्त भएकोमा १६८ वटा घर छनौट भएको देखिन्छ । छनौट भएको मध्ये ९६ वटाले पालिकासँग सुरक्षित आवास निर्माण सम्झौता गरी प्रथम किस्ता वापत ९५ जनाले प्राविधिक लागत अनुमानको ५० प्रतिशतले हुने रु.२३०००।०० र १ जनाले २२०००।०० का दरले गोभौ २२४ मिति २०७८।०३।२५ बाट २२०७०००।०० अनुदान भुक्तानी लिएको देखिन्छ । तर उक्त अनुदानको रकमबाट घर निर्माण कार्य सम्पन्न भए नभएको सम्वन्धमा पालिकाबाट अनुगमन भएको तथा प्राविधिक मुल्यांकन भएको देखिएन । साथै दोस्रो किस्ताको रकम भुक्तानी गर्दा कार्य सम्पन्न भएको प्रतिवेदन समावेश गरिने कार्यालयको भनाई रहेको छ । तसर्थ पालिकाले अनुदान उपलब्ध गराएको रकम सोही अनुरुप खर्च भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।	
६४			**अुदानको अनुगमन** पालिकाले पाकेट विकास कार्यक्रम अन्तरगत यस वर्ष छनौटमा परेका पार्सिवाङ्ग चेपाङ्ग कृषि समुह र हाप्राङ्ग बाख्रापालन कृषि समुहलाई ५० प्रतिशतले हुने रु.७५००००।०० का दरले अनुदान दिएको छ । उक्त अनुदानबाट प्रति कृषक समुहले सम्झौता अनुसार रु.८७७९५०।०० का १५० वटा खरि जातको बाख्रा र १ वोयर वोका खरिद गरेको देखिन्छ । तर उक्त खरिद गरिएका बाख्राहरु प्रजनन योग्य भएको भनि स्वास्थ्य परीक्षण गरेको देखिएन । साथै	

			पालिकाबाट वितरण गरेको अनुदानबाट भएको उपलब्धि तथा प्रतिफलको सम्वन्धमा अनुगमन समेत भएको देखिएन । तसर्थ पालिकाले अनुदान वितरण गरेपश्चात सोको नियमिति अनुगमन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
६५			**कृषक प्रोफाईल** कार्यालयले संचालन गरेका आयोजना, कार्यक्रम, कृयाकलापहरु अन्तर्गत गत विगत तथा यस वर्षमा कुन कुन कृषकलाई पुरै वा आंशिक शसर्त निशर्त वस्तुगत, नगद अनुदान तथा प्राबिधिक सेवा परामर्श सिपविकास तालिम दिइएको थियो सो को व्यबस्थित अभिलेख राखि कृषकगत प्रोफाइल लगत राखेको पाइएन । कृषकगत, लगत नहुंदा एकै प्रकृतिका कार्यक्रम एवं कृयाकलापहरुमा उहि व्यक्ति, संस्था तथा समुदाय दोहोरिन सक्ने र अनुदान प्रदान गर्नु पर्ने कृषकहरु सम्म उक्त कार्यक्रमको पहुंचको अवसरबाट बञ्चित हुनुपर्ने देखिन्छ । तसर्थ कृषकगत प्रेफाइल लगत अभिलेख तयार गरी राख्नु पर्दछ ।	
६६	282	२०७७-१२-१४	**बेमौसमी तरकारी** बेमौसमी तरकारी खेतीको लागि टनेल खरिद गरि श्री देबकोटा सप्लायर्सलाई रु ४१९२३०।०० भुक्तानी गरेको छ । तर पालिका क्षेत्रमा बमौसमी तरकारी उत्पादन भएको नदेखिएको र स्थानिय बासिन्दाहरुले तरकारी अन्यत्रबाट खरीद गरि उपभोग गर्ने गरेको देखियो । बेमौसमी तरकारी खेतीमा भएको खर्च अनुत्पादक देखियो । तसर्थ बेमौसमी तरकारी उत्पादनका लागि टनेल वितरण गरेकोमा उत्पादन भएको देखिने प्रमाण संलग्न गर्ने तथा पालिकाबाट निरन्तर अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्दछ । बेमौसमी तरकारी खेती कार्यक्रम उत्पानमूलकनै रहेकोले अनुगमन गरी प्रतिबेदन पेश गरिने पालिकाले जनाएको छ ।	
६७	४९३	२०७८-३-२९	**कार्यक्रम अनुसार भुक्तानी नभएको** मकलदमार कृषि तथा पशुपंछी समूहलाई बोयर जातको बोका खरिद कार्यको लागि रु ९० हजार भुक्तानी भएको छ । बोयर जातको बोकाको न्यूनतम बिशेषता गर्दन भन्दा माथि र अगाडीको खुट्टाको घुडामुनीको भाग रातो र बाँकि भाग सेतो भएको हुनु पर्दछ । तर बितरण गरिएको बोयर बोकामा उक्त बिशेषता देखिएन । साथै खोर सुधारको लागि बिभिन्न श्रमिकहरुलाई ज्याला बितरण गरेको देखाई रु २४०५००।०० रकम भुक्तानी भएकोमा रु २४०५०।०० को मात्र भरपाई रहेको छ । तसर्थ खर्च लेख्ने बिश्वसनिय प्रमाण बेगर भुक्तानी भएको भरपाई बेगरको खर्च रु २१६४५०।०० र बोयर बोका भनि अन्य जातको बोका खरिद गरेको रु ९००००।०० समेत रु ३०६४५०।०० रकमको खर्च पुष्टि हुने प्रमाण देखिएन। रु	३०६,४५०
६८			अनुगमन तथा संपरीक्षण स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्योट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्योट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण एको बेरुजुको स्थिति निम्नानुसार रहेको छ ।	

आर्थिक वर्ष	बेरुजूको दफा नं	फछ्र्यौटको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार			
			असुली	प्रमाण	नियमित	पेश्की
२०७३।७४	११।३	निकासा भन्दा बढी खर्च रकम बेरुजू फर्छ्यौट समितिको मिति २०७८।०८।१८ तथा २०७८।०९।३० को गाउँसभाको निर्णयबाट नियमित	०	०	३४३६०००	०
२०७३।७४	१२।३	निकासा भन्दा बढी खर्च रकम बेरुजू फर्छ्यौट समितिको मिति २०७८।०८।१८ तथा २०७८।०९।३० को गाउँसभाको निर्णयबाट नियमित	०	०	३१४४०००	०
२०७५।७६	७९	जय शिखर ईन्जिनियरिङ्गले मु अ कर समायोजन गरेको प्रमाण पेश	०	२४३००७	०	०
२०७५।७६	७९.	जय शिखर ईन्जिनियरिङ्गले मु अ कर समायोजन गरेको प्रमाण पेश	०	३८१७६७	०	०
२०७६।७७	१२.	साहारा ग्रिनतारा जेभीको पेश्की रकम गोभौ २८६ मिति २०७८।०३।१५ बाट फर्छ्यौट	०	०	०	१००००००
२०७६।७७	१२.	आर्थिक वर्ष २०७५।७६ मा लगती कायम भएको बेरुजू पुनः आर्थिक वर्ष २०७६।७७ मा समेत लगती कायम भएकोले दोहोरो बेरुजू कायम भएको प्रमाण पेश	०	०	०	१००००००
२०७६।७७	३५	जेसीबी प्रयोग भएको लक बुक पेश	०	२५८७५०	०	०
२०७६।७७	३८	भान्जा कन्ट्रक्सनबाट मूअ कर रकम असूल गरि भौनं १३ बाट राजस्व दाखिला गरेको प्रमाण पेश	३३८२३	०	०	०
२०७६।७७	४१	झोपु निर्माण कार्यमा पुलको स्टिल पार्ट जडान भएको नापी किताब पेश	०	१८१६१३२	०	०
२०७६।७७	४४	महांकाल सोलार पम्पीङ्ग खानेपानीमा उपभोक्ता समितिबाट खरिद सम्बन्धमा सभाको मिति २०७८।०९।३० को निर्णयबाट नियमित भएको	०	०	१६०००००	०
२०७६।७७	५०	शिक्षकाई बढी भुक्तानी रकम असूल गरि भौनं १३ बाट राजस्व दाखिला गरेको प्रमाण पेश	१५५८८	०	०	०

२०७६।७७	५१	भीमसेन प्राविमा विजय महतोको नाममा निकासा भएको तर रामप्रसाद साहको ग्रेड रकम भुक्तानी नभई हिसाब मिलान भएको प्रमाण	०	१९५१४	०	०
२०७६।७७	५२	पाठ्यपुष्तकमा बढी निकासा भएको रकम असुल भएको बैंक भौचर पेश	१४३७४	०	०	०
२०७६।७७	५३	बिद्यार्थि संख्या भन्दा बढी निकासा भएको रकम असूल भएको बैंक भौचर पेश	११९५०	०	०	०
२०७६।७७	५९	कर्मचारीको रमाना पेश	११२००	७८१००	०	०
२०७६।७७	६४	पदाधिकारीको थप सुविधा रकम असूल भएको बैंक भौचर पेश	३९०००	०	०	०
२०७६।७७	६५	रकम असूल भएको बैंक भौचर पेश	११२५०	०	०	०
२०७६।७७	६६	रकम असूल भएको बैंक भौचर पेश	४०००	०	०	०
२०७६।७७	६७	रकम असूल भएको बैंक भौचर पेश	६०००	०	०	०
२०७६।७७	६८	रकम असूल भएको बैंक भौचर पेश	७४८४४	०	०	०
२०७६।७७	७३	मु अ कर समायोजन पेश	०	६६४३	०	०
२०७६।७७	७४	पालिकाबाट प्रदान गरिएको शिक्षक अनुदान मिति २०७८।०९।३० को निर्णय अनुसार नियमित भएको	०	०	२६१५०००	०
		जम्मा	२२२०२९	२८०३९१३	१०७९५०००	११००००००

साथै पालिकाले आर्थिक वर्ष २०७६।७७ को बेरुजूको दफा नं १५ र ३५ संपरीक्षणको लागि अनुरोध भएकोमा बेजूरुमा उल्लेख भए अनुसारको प्रमाण पेश नभएकोले फछ्यौंट गरिएको छैन् ।